का.जि.प्र.का.द.नं. १००/०५९/६०

३० फागुन २०७८,
सोमबार
14 March 2022,
Monday

मूल्य रु. ५/-

# मध्यान्ह

राष्ट्रिय दैनिक

ईपपर हेर्नु

वर्ष २०, अंक ३७ । पृष्ठ १२ | Madhyanha National Daily | www.madhyanhadaily.com

## ‘पंगु’ बनाइँदैछ संसद्

६ महिनादेखि संसद्मा एमालेको अवरोध जारी छ । तथापि, एमालेले पनि मन लागेको संसदीय गतिविधिमा आफ्नो सहभागिता तोडेको छैन । सरकारले आफुलाई मन लागेको बिजनेश पनि रोकेको छैन । तर, अवरोधलाई देखाएर जनसरोकारका विषय ओझेलमा पारिँदैछ ।





‘संसद्मा अवरोध रहर होइन बाध्यता हो । पार्टीले कारबाही गरेका १४ जना सांसदलाई पदमुक्त गरेपछि अवरोध हट्छ’

**विशाल भट्टराई**
प्रमुख सचेतक, नेकपा एमाले



‘सर्वोच्च अदालतमा विचाराधीन विषयलाई लिएर संसद् अवरोध गर्ने विचित्रता देखा परेको छ । त्यहीपनि हामी सहमतिमा लिने प्रयास गर्दैछौं’

**दिलेन्द्र प्रसाद बडू**
कांग्रेस सांसद् एवं कानूनमन्त्री



‘संसद् अवरोध गरेर एमालेले आफुलाई लोकतन्त्र विरोधीको कितामा थप बलियो बनाउने प्रयास गरिरहेको छ’

**जीवनराम श्रेष्ठ**
प्रमुख सचेतक, नेकपा एकीकृत समाजवादी

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, २९ फागुन ।

संघीय संसद् २३ भदौ २०७८ देखि अवरुद्ध छ । तर, यो अवरोधको अवस्थामा न सरकारले आफ्नो चाहना अनुसारको बिजेनश रोकेको छ न सरकारले आफुहरुको अवरोधको महत्व बुझ्केन भनेर एमाले लचक भएको छ । सरकार र प्रमुख विपक्षी आ-आफ्ना अडानमा टसमस नहुने तर, आफु अनुकुलका काम गर्न पनि नछाड्ने प्रवृत्तिले संघीय संसद्लाई गाँजेको छ ।

संसद् अवरोधको ६ महिनाको बीचमा सरकारले बजेट पारित गऱ्यो । बजेट त मुलुकको अति आवश्यक विषय थियो, बजेट नभए मुलुक चल्दैन थियो र पेलेरै पारित गऱ्यो । तर, मुलुक नै अप्ठ्यारोमा परेर बजेट खर्च गर्न नपाउने अवस्थामा पुग्दासमेत त्यो संवेदशनशिलता एमालेले बुझ्केन । सर्वोच्च अदालतमा विचाराधीन मुद्दालाई लिएर ‘बजेट होलिडे’मा मुलुक पुग्दा पनि एमालेले संसद्को अवरोध खोलेन ।

यता सरकारले पनि संसद् अवरोधलाई देखाएर नागरिकता विधेयक, संघीय निजामती कर्मचारी सम्बन्धी विधेयक, लोकसेवा आयोग सम्बन्धी विधेयक जो संविधान कार्यान्वयन र जनतासँग प्रत्यक्ष जोडिएका विषय छन् तिनबारे कानून बनाउने विषयलाई पन्छाइरह्यो । एमालेले कानून बनाउन नदिएको आरोप लगाइरह्यो । तर, अमेरिकी सहयोग सम्बन्धी परियोजना एमसीसी पारित गर्नलाई अमेरिकाबाट दबाब आएपछि सरकार गल्यो र एमालेको अवरोधका बाबजुत एमसीसी संसद्बाट अनुमोदन गरायो । तर, त्यही एमसीसी पास गरे जसरी जनताको प्रत्यक्ष सरोकार जोडिएका विषयका कानून बनाउने पहल भने गरेको छैन ।

एमाले प्रवृत्ति अझ रोचक छ । ६ महिनोखि संसदीय गतिविधिमा भाग नलिएको एमालेले प्रधानन्यायाधीश

– बाँकी पृष्ठ २ मा

## भेटिएन उपसभामुखको अनुहार

**दिपेन्द्र श्रेष्ठ/मध्यान्ह**
काठमाडौं, २८ फागुन ।





६ माग २०७६ मा तत्कालीन उपसभामुख शिवमाया तुम्बाहाङ्फेले पदबाट राजीनामा दिएपछि उपसभामुख पद खाली छ । तर, उपसभामुख जस्तो पद खाली भएको २५ महिना हुँदा समेत संसद उपसभामुखविहीन छ ।

संविधानले संसदले १५ दिन भन्दा बढ्ता उपसभामुख पद रिक्त हुने परिकल्पना गरेको छैन ।

संविधानको धारा ९१ (१) मा प्रतिनिधिसभाको पहिलो बैठक प्रारम्भ भएको मितिले १५ दिनभित्र सभामुख र उपसभामुखको निर्वाचन भइसक्ने उल्लेख छ । संविधानको यो व्यवस्था अहिले सान्दर्भिक छैन, तर त्यसले सभामुख र उपसभामुखको सँगै निर्वाचन हुने परिकल्पना गरेको छ । र प्रतिनिधिसभा निर्वाचनको पहिलो बैठकबाट १५ दिन भन्दा बढी उपसभामुख नहुने परिकल्पना गर्दछ । अर्थात, खाली हुँदा पनि संविधानको मर्म यही हो । तर, उपसभामुख पद रिक्त भएको २५ महिना पुग्दासमेत पदपूर्तिबारे प्रतिनिधिसभामा प्रतिनिधित्व गर्ने राजनीतिक दलहरू गम्भीर देखिएका छैनन् ।

> प्रतिनिधिसभा उपसभिामुखविहीन भएको २५ महिना भयो । तर, प्रतिनिधिसभामा प्रतिनिधित्व गर्ने दलहरु यसतर्फ ध्यान नै दिइरहेका छैनन् ।

संविधानमा सभामुख र उपसभामुख फरक दल र लिंगको हुनुपर्ने प्रावधान छ । यस अनुसार महिला नै ल्याउनुपर्ने त्यो पनि फरक दलको भनेर तत्कालीन केपी शर्मा ओली नेतृत्वको सरकारले उपसभामुख निर्वाचनमा रुची देखाएनन् । ओली सरकारमा हुँद प्रतिपक्षमा कांग्रेस थियो । ओली कांग्रेसलाई उपसभामुख दिन तयार भएनन् । विपक्षमा बाँकी थिइन् जनमोर्चाकी दुर्गा पौडेल । उनलाई पार्टीले एउटा मात्रै सांसद भएकाले उपसभामुख हुन नजाने भन्यो । तत्कालीन

– बाँकी पृष्ठ २ मा

### प्रचण्ड–माधव भन्छन्

## ‘कांग्रेस तयार नभए वामगठबन्धन’

**कान्ति न्यौपाने/मध्यान्ह**
काठमाडौं, २९ फागुन ।

नेकपा माओवादी केन्द्र र नेकपा एकीकृत समाजवादीका शीर्षस्थ नेताहरु गठबन्धन नभएपनि एक्लै चुनाव लड्ने दाबी गर्न थालेका छन् ।

स्थानीय तहको चुनाव नजिकिँदै गर्दा विभिन्न कार्यक्रममा पुगेर उनीहरुले गठबन्धन नभएपनि आफूहरु विजयी हुने दाबी गर्न थालेका हुन् ।

नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहालदेखि नेकपा एकीकृत समाजवादीका अध्यक्ष माधव कुमार नेपाल लगायतका शीर्षस्थ नेताहरुले चुनावी नतिजा आफ्नो पक्षमा आउनेमा विश्वस्त रहेको बताएका छन् ।

नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल ‘प्रचण्ड’ले चुनावमा एक्लै जानसक्ने विषय प्रष्ट बनाएका छन् । पार्टी प्रदेश १ को भेलामा पुगेका अध्यक्ष दाहालले गठबन्धनमा सहमति भन्दा पनि आफैं चुनावमा जाने तयारी भएको बताएका छन् ।

‘सकेसम्म आफ्नै खुट्टामा उभिएर चुनावमा जान्छौं,’ उनले भने, ‘कहींकतै तालमेल हुन सक्छ, तालमेल हुने भयो भने सत्तारूढ गठबन्धनसँगै हुनेछ’ उनले भने । अध्यक्ष प्रचण्डले चुनावी गठबन्धन सत्तासाझेदार दल बाहेक एमालेसँग हुननसक्ने प्रष्ट बनाएका छन् ।

नेकपा एकीकृत समाजवादीका नेता एवं पर्यटन मन्त्री प्रेम बहादुर आले पनि स्थानीय तहको निर्वाचनमा आफ्नो पार्टी एक्लै चुनाव लड्न तयार रहेको बताएका छन् । धनगढीमा आयोजित एक कार्यक्रममा उनले गठबन्धन भए पनि नभए पनि आफ्नो पार्टी एक्लै चुनाव लड्ने तयारी

– बाँकी पृष्ठ २ मा

## मलेसियाको श्रम स्वीकृति खुलाउने सरकारको निर्णय

**मध्यान्ह संवाददाता**
काठमाडौं, २९ फागुन

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले बन्द मलेसियाको श्रम स्वीकृति खुला गर्ने निर्णय गरेको छ । मलेसिया जाने श्रमिकलाई श्रम स्वीकृति प्रदान गर्ने कार्य करिब दुई वर्षदेखि रोकिँदा नेपाल आउने रेमिट्यान्समा असर परेको भनी आलोचना भइरहेको अवस्थामा श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री कृष्णकुमार श्रेष्ठ (किसान)ले आइतबार प्रचलित कानून अनुसार श्रम स्वीकृति दिन पुनः शुरु गर्ने मन्त्रीस्तरीय निर्णय गरेका हुन् ।

उक्त निर्णयअघि नेपाल वैदेशिक रोजगार व्यवसायी संघका संयोजक बिमल प्रसाद ढकाल र सदस्यको जिम्मेवारीमा रहेका पूर्वअध्यक्ष प्रेम कटुवालले मन्त्रालयका सचिव एक नारायण अर्याल र मन्त्री श्रेष्ठलाई मलेसियाको श्रम स्वीकृति खोल्न ढिलाइ भएको भन्दै ध्यानाकर्षण गराएका थिए । केही व्यवसायीहरुले मलेसियाबाट नयाँ मागपत्रसमेत ल्याएका थिए । तर सरकारले मलेसियाको नयाँ मागपत्रमा स्वीकृति दिने निर्णय नगरेको भन्दै वैदेशिक रोजगार कार्यालय ताहचलले नयाँ मागपत्र दर्ता नगर्न व्यवसायीहरुलाई अप्रत्यक्ष दबाब दिँदै आएको थियो ।

मलेसियबाट नेपालीलाई प्राप्त रोजगारीको अवसर गुम्न नदिन प्रचलित

– बाँकी पृष्ठ २ मा

## मञ्चमा पुरानै नेतृत्व दोहोरिने संकेत

काठमाडौं/मस- नेकपा एमाले निकट प्रगतिशील वैदेशिक रोजगार व्यवसायी मञ्च नेपालको ५ औं अधिवेशन तथा साधारणसभा सोमबार हुँदै छ । राजधानीको धुम्बाराहीमा हुने अधिवेशनको उद्घाटन नेकपा एमाले महासचिव शंकर पोखरेलले गर्ने तथा एमालेका अन्य बरिष्ठ नेताहरूले सम्बोधन गर्ने मञ्चका महासचिव डिक बहादुर खत्री ‘कुमार’ले मध्यान्हलाई जानकारी दिए । नेकपामा आएको विभाजनसँगै मञ्चमा पनि भएको विभाजनपछि यो अधिवेशन गर्न लागिएको हो । कार्यवाहक अध्यक्ष राजेन्द्र भण्डारीले मञ्चमा विभाजनको कुनै असर नरहेको र त्यसको वास्तविक स्थिति अधिवेशनमा देखिने दाबी गरेका छन् ।



मञ्चको अधिवेशनले ३५ सदस्यीय कार्यसमिति चयनका लागि निर्वाचन गर्नेछ । मञ्चका वर्तमान कार्यवाहक अध्यक्ष भण्डारीलाई अध्यक्षमा निर्वाचित गरेर वर्तमान कार्यसमितिलाई अर्को कार्यकाल हुबहु दोहोऱ्याउने तयारी रहेको बताइएको छ । व्यवसायीको शुभकामनाका साथ सहयोग भएमा आफु अध्यक्ष बन्ने भण्डारीको भनाइ छ । कार्यवाहक अध्यक्ष भण्डारीसँग अधिवेशन सम्बन्धमा गरिएको कुराकानी:

पृष्ठ १२ मा...

### वैदेशिक रोजगार विशेष

## संघ सबै म्यानपावरले घरेलु कामदार पठाउन पाउनुपर्ने पक्षमा

**काठमाडौं/मस–** नेपाल वैदेशिक रोजगार व्यवसायी संघले वैदेशिक रोजगार सूचना व्यवस्थापन प्रणाली (फेमिस)मा गर्नुपर्ने सुधारका सम्बन्धमा व्यवसायीहरुसँग छलफल गर्ने निर्णय गरेको छ । संघका संयोजक बिमल प्रसाद ढकालको अध्यक्षतामा आइतबार बसेको तदर्थ कार्यसमितिको पहिलो बैठकले उक्त निर्णय गरेको हो ।

संघले त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट श्रम डेस्क हटाएकोमा श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्री र मन्त्रालयलाई धन्यवाद दिने प्रस्ताव पनि पारित गरेको छ । साथै संघले श्रम मन्त्री कृष्णकुमार श्रेष्ठ (किसान)बाट हुन लागेको श्रम गन्तव्य मुलुकहरूको भ्रमण सफलताको कामना गरेको छ ।

त्यसैगरी संघले सबै म्यानपावर कम्पनीले घरेलु कामदार पठाउन पाउनुपर्ने निर्णय गरेको छ । हाल वैदेशिक रोजगार विभागले अतिरिक्त धरौटी लिएर सूचीकरण भएका म्यानपावर कम्पनीहरूमात्र घरेलु कामदार पठाउने सूचीमा रहेका छन् । संघले वैदेशिक रोजगार विभागको उक्त सूचीकरण अनुचित र अव्यवहारिक भएको बताउँदै आएको छ । बैठकमा तदर्थ कार्यसमितिका सबै सदस्य सहभागी थिए ।

**VACANCY ANNOUNCEMENT**

यस मेनपावर कम्पनीका लागि निम्न कर्मचारीहरु आवश्यक भएको हुँदा दक्ष व्यक्तिले आफ्नो योग्यताको प्रमाणपत्रका साथ सम्पर्क राख्नुहोला ।

**Receptionist - 2 Female**
+2 passed /Bachelor running,
Smart & Energetic, Read, Write and speak English skill is must.

**Office Boy - 2 Male**
+2 passed, excellent in computer knowledge.
Compulsory bike license holder.

*Salary Attractive*

**PRO - Male**
+2 passed, excellent in computer knowledge.

**Documentation - 2 Female**
Bachelor passed, excellent in photoshop, Nepali typing skill,
MS word with latest technology, 2 years work experience preferred

send cv : info@palhioverseas.com, palhioverseas2006@gmail.com

**पाल्ही ओभरसिज प्रा. लि.**
श्रम इजाजत नं. ५९४/०६२/०६३
जि.पि.ओ. बक्स: ९७८०, लोसाल अन्नपूर्णमार्ग, चप्पलकारखाना, काठमाडौं, फोन: ०१-४०१५७९२, ४०१५६५५
Website: www.palhioverseas.com
Tel: 01- 4015655, 4015792 Mobile: 9801212601

**UAE मा वैदेशिक रोजगारको अवसर**

१. कम्पनी: **SHUKRAN FOODS DELIVERY SERVICES** शहर : **DUBAI**
पूर्व स्वीकृत मितिः २०७८/११/२९ चलानी नं.: ६०१७५८४९ LT. No.: 259435

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Motorcyclist | 60 | 0 | स. काममा दक्ष | 2000 | ६६,५६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

★ बाईकको लाईसेन्स अनिवार्य English राम्रो सँग बोल्न, लेख्न, र पढ्न सक्ने हुनुपने साथैं UAE को लाईसेन्स हुनेलाई बिशेष ग्राहयता दिईनेछ ।

२. कम्पनी: **TAW AL MADINA FACILITIES SERVICES L.L.C.** शहर : **UAE**
पूर्व स्वीकृत मितिः २०७८/११/२७ चलानी नं.: ६०१७५७९१ LT. No.:259283

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaners | 3 | 3 | सम्बन्धित काममा दक्ष | 800 | २६,६२४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Security Guard | 8 | 0 | | 1600 | ५३,२४८ | | | | | | | |

प्रि-अन्तर्वाता धमाधम भईरहेको छ ।
-फाईनल अन्तरवार्ता कम्पनी प्रतिनिधीबाट काठमाडौंमा २०७८ चैत ७ देखि ९ गते सम्म (21, 22 & 23 March 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्योहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्योहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्योहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्योहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्योहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्योहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्योहोर्ने | रोजगारदाता कम्पनीले ब्योहोर्ने | रोजगारदाता कम्पनीले ब्योहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्योहोर्ने | रोजगार दाताले व्योहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**Mars Manpower Services Pvt.Ltd**
Gov. Lic No. 1471/074/075
Address: Sukedhara, Kathmandu, Nepal | Tel. No.: 01-4375422, 01-4378669
Mobile No.: 9826776133, Email: info@marsmanpowerservices.com
Web.: www.marsmanpowerservices.com

यस मेनपावर कार्यालयको लागि दक्ष एकाउन्टेन्ट आवश्यक भएकोले इच्छुक व्यक्तिले आफ्नो बायोडाटा सहित तुरुन्त मेनपावर कार्यालयमा सम्पर्क गर्नुहोला ।

मध्याह्न
www.madhyanhadaily.com
३० फागुन २०७८, सोमबार
14 March 2022, Monday

# स्थानीय सरकारले दायित्व र जवाफदेहिता निर्वाह गर्न सक्नुपर्छ : देउवा

**काठमाडौं/मस**–प्रधानमन्त्री शेरबहादुर देउवाले सीमित साधनस्रोतका बाबजुद स्थानीय सरकारले जनताको अपेक्षा र भावना बमोजिमको काम समयमै सम्पन्न गरेर जनताप्रतिको आफ्नो दायित्व र जवाफदेहिता निर्वाह गर्नसक्नुपर्ने बताएका छन् ।

नेपाल नगरपालिका संघको २९औं स्थापना दिवसका अवसरमा आइतबार यहाँ आयोजित कार्यक्रममा उनले स्थानीय सरकार लोकतन्त्रको पहिलो पाठशाला र जनताको घरआँगनको सरकार भएको बताउँदै नागरिकको नजिकको सरकार भएकाले स्थानीय तहको भूमिका संवेदनशील र जवाफदेहीपूर्ण हुनुपर्ने बताए ।

स्थानीय सरकारले गरेका काम र प्रदान गरेको सेवासुविधाको आधारमै जनताले सरकारप्रतिको समग्र धारणा निर्माण गर्ने हुँदा नगरपालिकाहरूले जनताको मन जित्ने गरी काम गर्न आवश्यक रहेको उनको भनाइ थियो ।

प्रधानमन्त्री देउवाले भने, 'विसं २०४६ को जनआन्दोलनपश्चात् मुलुकमा बहुदलीय प्रजातन्त्रको पुनःस्थापना भएपछि २०५० सालमा



सम्पूर्ण नगरपालिकाहरूको प्रतिनिधिमूलक संस्थाका रूपमा स्थापित यस संघले विगत तीन दशकदेखि नगरपालिकालाई अधिकार सम्पन्न बनाउन र सशक्त जनप्रतिनिधिमूलक निकायका रूपमा स्थापित गर्न महत्वपूर्ण योगदान गर्दै आइरहेको छ ।'

उनले मुलुकको आधुनिकीकरण र दिगो विकासका लागि सुव्यवस्थित नगर र नगर पूर्वाधार सेवाहरू जस्तै योजनाबद्ध आवास, सुन्दर बाटोघाटो, स्वच्छ खानेपानी, ढल, पुलपुलेसा, खुला हरियाली क्षेत्र, सरसफाइ आदिको समुचित प्रबन्ध गर्न आवश्यक रहेको बताए ।

उनले भने, 'आज मुलुकका अधिकांश नगरपालिकाहरू अवस्थित सहरीकरणबाट गुज्रिरहेका छन् । यसले एकातिर नगरको प्राकृतिक सौन्दर्य र मौलिकतामा आघात पुगिरहेको छ भने अर्कातर्फ हाम्रा सहरहरू दिनानुदिन असुरक्षित र अस्वच्छ आवास क्षेत्रका रूपमा परिणत भइरहेका छन् । अब राजधानी सहर काठमाडौंदेखि मुलुकका ठूला साना सबै सहरलाई दिगो विकासको अवधारणाबाट अघि बढाउनुपर्ने खाँचो छ ।'

## "पंगु"...

चोलेन्द्र शमशेर जबराविरुद्ध संसद्मा महाअभियोग प्रस्ताव आएपछि संसदीय गतिविधिमा भाग लिएको छ । संसद्मा नाराबाजी पनि जारी राख्ने र जबराविरुद्धको महाअभियोग प्रस्तावमाथि छानविन गर्न त्यही संसद्ले गठन गरेको छानविन समितिमा सदस्य पठायो । अर्थात, संसद्को कामकारबाहीमा भाग लियो । स्वार्थ पर्दा त्यही संसद्को गतिविधिमा भाग लिने र स्वार्थ नपर्दा संसदीय गतिविधिमा भाग नलिने प्रवृति एमालेले देखाएको छ । राजनीतिक प्रध्यापक कृष्ण खनाल राजनीतिक दलहरुले स्वार्थका लागि संघीय संसद्लाई 'पंगु' बनाएको बताउँछन् । 'सर्वोच्च अदालतले पुनर्स्थापना गर्दा जुन महत्व संसद्को देखिएको थियो त्यो व्यवहारमा लागू भएको देखिएन,' खनाल भन्छन् ।

दुई दुई पटकसम्म आफैंले विघटन प्रयास गरेको संसद्मा भाग लिन एमालेलाई अप्ठ्यारो भएको उसको व्यवहारले प्रष्टै देखाएको र सोही अनुसार एमाले सांसद्हरु संसद्लाई पंगु बनाएर कामै नलाग्ने संसद् विघटन प्रयास गरेको भनी जनतामा जान चाहिरहेको विश्लेषक खनाल बताउँछन् ।

तर, यसमा सरकार पक्ष पनि जति जिम्मेवार हुनुपर्ने हो त्यति गम्भीर नभएको उनको तर्क छ । 'एमसीसी पास गर्ने स्प्रिट संसद्लाई प्रभावकारी बनाउनेतिर देखाए कति जाती हुन्थ्यो,' खनालले भने ।

तर, प्रमुख विपक्षी दल नेकपा एमालेका प्रमुख सचेतक विशाल भट्टराई संसद् विघटन आफुहरुको बाध्यता भएको बताउँछन् ।

'संसद्लाई पंगु बनाउने काम हामीले गरेका छैनौं । संसद्मा अवरोध हाम्रो रहर होइन बाध्यता हो । पार्टीले कारबाही गरेका १४ जना सांसद्लाई पदमुक्त गर्नुपर्छ भनेका हौं । हाम्रो माग पूरा भएपछि अवरोध हट्छ' प्रमुख सचेतक भट्टराईले भने ।

एमालेले माधव नेपालसहित १४ जना सांसदलाई कारबाही गरेको थियो । तर, कारबाहीमा परेको सूचना सभामुखले नटास्दै निर्वाचन आयोगबाट माधव नेपाल नेतृत्वको नेकपा एकीकृत समाजवादीले वैधानिकता पाएको थियो । तर, सभामुखले समयमै पार्टीले गरेको कारबाही सम्बन्धी सूचना नटासेका कारण आफ्नो पार्टी फुटेको भन्दै एमालेले २३ भदौ २०७८ देखि संसद्मा अवरोध गर्दै आएको छ ।

तर, सरकारको नेतृत्वकर्ता दल नेपाली कांग्रेस एमाले जिम्मेवार नभएका कारण संसद् प्रभावकारी हुन नसकेको बताउँछ ।

कांग्रेसका सांसद् एवं कानून न्याय तथा संसदीय मामिलामन्त्री दिलेन्द्र प्रसाद बडू एमालेसँग संवाद गरेर महत्वपूर्ण विधेयकहरु पास गर्ने पहल भइरहेको बताउँछन् ।

'सर्वोच्च अदालतमा विचाराधीन विषयलाई लिएर संसद् अवरोध गर्ने विचित्रता देखा परेको छ । त्यहीपनि हामी सहमतिमा लिने प्रयास गर्दैछौं,' मन्त्री बडूले भनेका छन् ।

एमाले लोकतन्त्रकै विरोध भएको पुष्टि हुँदै गएको नेकपा एकीकृत समाजवादीका नेताहरुको टिप्पणी छ । 'एमाले लोकतन्त्रमा विश्वास गर्दैन । त्यसको पुष्टि संसद् विघटनको असंवैधानिक कदमले पुष्टि गरेकै थियो । अहिले निरन्तर संसद् अवरोध गरेर लोकतन्त्र विरोधीको कित्तामा थप बलियो बनाउने प्रयास गरिरहेकै छ,' एकीकृत समाजवादीका प्रमुख सचेतक जीवनराम श्रेष्ठले भने ।

## भेटिएन...

जसपा पनि ओलीको पक्षमा थिएन । अहिले कांग्रेस सरकारमा छ । उसले उपसभामुखको निर्वाचन गराउन सक्छ । तर, कांग्रेस पनि उपसभामुख निर्वाचनका लागि तयार भएको देखिँदैन । विपक्षमा हुँदा उपसभामुख कहिले ? भनी प्रश्न गर्ने कांग्रेस सरकारमा गएपछि मौन छ ।

उपसभामुखको पद खाली बस्नुमा सत्तारुढ र विपक्षी दुवैको गल्ती देख्छिन् पूर्वसभामुख ओनसरी घर्ती मगर । 'फरक लिंग र फरक दल भन्ने स्पष्टै छ, संविधानमा । त्यसकारण पाउनुपर्ने दलहरुले जोडदार कुरा उठाउनुपर्ने हो । उहाँहरूले पनि उठाउनुभएको देखिँदैन' उनले भनिन् ।

### कहाँ कहाँ पर्छ असर ?

उपसभामुख पद रिक्त हुँदा संसददेखि संवैधानिक परिषद्सम्म असर पर्छ । संविधानबमोजिमको सभामुख वा उपसभामुख वा कुनै पनि पद जुन सिर्जना भएको छ त्यो आवश्यकताका कारण सिर्जना भएको हो । सभामुख एक्लैले लामो समय 'हाउस' चलाउन गाह्रो हुन्छ । सदन लामो-लामो समय चलिरहेको स्थितिमा मद्दत गर्न अवश्य पनि चाहिन्छ । यस्तै, कुनै विषयमा छलफल गर्दा वा निर्णय गर्दा पनि उपसभामुखको परामर्श लिने गरिन्छ । सभामुखले परामर्श उपसभामुखसँग लिने हो ।

अर्कोतर्फ, उपसभामुख संवैधानिक परिषद्को पदीय सदस्य हुन्छन् । उपसभामुख नहुँदा संवैधानिक परिषदमा पनि राम्रो भएको छैन । संवैधनिक परिषदमा जम्मा सदस्य ६ जना हुन्छन् । त्यसमध्ये ५ जना नभई बैठक बस्न सक्दैन । यही कारण अघिल्लो सरकारले ३ जनाले पनि निर्णय गर्न सक्ने गरी अध्यादेश ल्याएर विभिन्न संवैधानिक निकायमा ५२ जनाको नाम सिफारिस गरेका थिए । जुन अहिले कार्यानवयनमा छ । तर, सर्वोच्च अदालतमा पनि मुद्दा विचाराधीन छ ।

सभामुख अग्निप्रसाद सापकोटाले उपसभामुखको पदपूर्तिलाई लिएर आफूले सत्तारुढ दलसँग छलफल गरिरहेको बताउँछन् । तर, उनले पनि पहल लिएको देखिँदैन ।

## प्रचण्ड....

गरिरहेका प्रष्ट बनाएका हुन् । तर, गठबन्धन आजको आवश्यकता भएकोले तीन वटै तहको निर्वाचनमा गठबन्धन गरेर जान सकिने बाटो खुला रहेको उनको भनाइ छ ।

'कांग्रेससँग प्रतिष्पर्धा गर्ने पार्टी एमाले र माओवादी आफैमा विभाजित बनेका छन्, तसर्थ, स्थानीय तहको निर्वाचनमा सानदार तरिकाले जितेर पहिलो पार्टी बन्ने हो, बन्छौं । प्रदेश र संघमा पनि जितेर पाँचवर्षका लागि स्थायी सरकार बनाउँछौं,' उनले भने । एमाले र माओवादी केन्द्र आफैंमा विभाजित भएकोले सानदार नतिजा प्राप्त गरी आफूहरु पहिलो पार्टी बन्ने उनको दाबी छ । नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवा गठबन्धन जोगाएर चुनाव केन्द्रित हुनेमा सकारात्मक भएपनि अन्य नेताकार्यकर्ताहरु भने चुनावमा एक्लै जानुपर्नेमा जोड दिइरहेका छन् ।

राजनीतिक विश्लेषक डा. विष्णु दाहाल भने आगामी चुनावमा चार वटा मोर्चा बन्ने दाबी गर्छन् । 'अहिलेको परिस्थिती हेर्दा चुनावमा चार वटा मोर्चा बन्ने देखिन्छ, उनले भने, जसमा नेकपा एमाले सहित केही साना दल, नेपाली कांग्रेस, नेकपा माओवादी केन्द्र र नेकपा एकीकृत समाजवादी सहितका वाममोर्चाको एउटा गठबन्धन बन्ने देखिन्छ ।' विश्लेषक दाहालले चुनावी परिणाम कांग्रेसको पक्षमा आउने देखिएको पनि बताएका छन् । पटकपटक विभाजित भएर पार्टी जोगाउने उपाय खोजिरहेको नेकपा माओवादी केन्द्र र भर्खर एमालेबाट फुटेको दल नेकपा एकीकृत समाजवादी चुनावमा आफूलाई कसरी सुरक्षित बनाउने भन्ने रणनीतिमा जुटेका छन् ।

दुई दलका नेताहरुले बाहिरी अभिव्यक्ति चुनावमा एक्लै जानसक्छौं भन्ने दिएपनि आन्तरिक रुपमा भने उनीहरु अत्तालिएका छन् । तसर्थ, यी दुई दल कांग्रेससँग सहकार्य नभएपनि वामगठबन्धन बनाएर चुनावमा जाने तयारीमा छन् ।

## मलेसियाको...

वैदेशिक रोजगार ऐन, २०६४ तथा नेपाल-मलेसिया श्रम सम्झौता प्रतिकुल नहुने गरी नेपाली कुटनीतिक नियोगबाट प्रमाणीकरण भई आएका मागपत्रलाई श्रम स्वीकृति दिने निर्णय भएको मन्त्रालयले जनाएको छ ।

कोरोना महामारीका कारण सन् २०२० मार्चदेखि मलेसिया सरकारले विदेशी कामदार नलिने निर्णय गरेपछि नेपाली श्रमिकहरु जान पाएका थिएनन् । मलेसिया सरकारबाट विदेशी कामदार लिन शुरु गरेको र सो अनुसार मागपत्र नेपाली कुटनीतिक नियोगबाट प्रमाणीकरण भई आएकोले श्रम स्वीकृति प्रदान गर्ने कार्य पुनः शुरु गर्ने निर्णय गरिएको समेत मन्त्रालयले जनाएको छ । मलेसियास्थित नेपाली दूतावासले नयाँ मागपत्र प्रमाणीकरणको लागि मंगलबार, बुधबार र बिहिबार पेश गरी सोमबार बुझिलिन सकिने जनाएको छ । त्यसका लागि २ बजेदेखि साढे ४ बजेसम्मको समय निर्धारण समेत गरिएको दूतावासले जनाएको छ । दूतावासले मागपत्र प्रमाणीकरणको लागि आवश्यक कागजातहरु पेश गर्नुभन्दा पहिले दूतावासको वेबपेजमा उपलब्ध अनलाइन फारम भर्ने र पेश गर्ने समय लिन अनुरोधसमेत गरेको छ ।

**शैलुङ्ग पावर कम्पनी (प्रा. लि.) को साधारणसभा सम्बन्धी सूचना**

प्रकाशित मितिः २०७८/११/३०

**यस शैलुङ्ग पावर कम्पनी (प्रा. लि.) को बिशेष साधारणसभाको बैठक मिति २०७८ चैत्र १६ गते बस्ने भएकोले सम्पूर्ण शेयर धनीलाई उपस्थीतिको लागि जानकारी गराईन्छ ।**

**शैलुङ्ग पावर कम्पनी (प्रा. लि.)**

**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालयको**

**कम्पनीको दर्ता खारेज गरिएको सूचना**

**प्रकाशित मितिः २०७८/११/३०**

यस कार्यालयमा **मिति २०६३/०४/०३** मा दर्ता भएको प्रा.लि. **नं. ४०५८५** को **सन्देस कन्सल्टेन्सी सर्भिस प्रा.लि.** नामक कम्पनी यस कार्यालयको मिति २०७८/११/२९ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १३६ (१) बमोजिम दर्ता खारेजी गरिएको सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**साउदीमा रोजगार** | कम्पनीः DIRECT ENERGY COMPANY
शहरः Saudi

पूर्व स्वीकृत मितिः २०७८/११/२९ चलानी नं.: ६०१७५८७७ LT. No.: 259332

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labor | 1 | 0 | स. काममा दक्ष | 1000 | ३२,५९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ चैत ७ गते (21 March 2022) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

LINK INTERNATIONAL PLACEMENT SERVICE
Govt. Lic. No.: 821/066/067
**Link International Placement Service Pvt.ltd.**
ISO 9001 : 2015
Tokha-10, Prayasnagar, Samakhusi, Kathmandu, Tel.: 01-4956654, 4955978, 9849664971
Email: info@linknepalmanpower.com, Website: www.linknepalmanpower.com, P.O.Box: 9158

जग्गा ठगी प्रकरण

# वडाध्यक्ष, मालपोत कर्मचारीसहित सात पक्राउ

**खाँदबारी/मस**–संखुवासभाको भोटखोला गाउँपालिकामा जग्गा ठगी प्रकरणमा वडाध्यक्ष र मालपोतका नायब सुब्बासहित सात जनालाई प्रहरीले पक्राउ गरेको छ । भोटखोला गाउँपालिका-४ का वडाध्यक्ष किन्साङ भोटेसहितको टोलीले स्थानीयवासी दलबहादुर तामाङको २७ रोपनी जग्गा जालसाजी गरी आफन्तका नाममा पास गरेको अभियोग लगाइएको छ ।

वडाध्यक्ष भोटे, मालपोत कार्यालयका कर्मचारीसहित सात जनाको टोलीले मृतक तामाङको नाममा रहेको जग्गा अर्काको नाममा पास गरेको अभियोगमा प्रहरीले पक्राउ गरी सार्वजनिक गरेको हो ।

जग्गा जालसाजी गरेको आरोपमा पक्राउ परेका सात जनालाई जिल्ला प्रहरी कार्यालयले सार्वजनिक गरेको छ । पक्राउ पर्नेमा वडाध्यक्ष भोटे, सोही वडाका सुरेन्द्र तामाङ, कल्पना भोटे, डिमा लाजुङ भोटे, खाँदबारी-१ का हाल मालपोल कार्यालय खाँदबारीमा कार्यरत महेन्द्रकुमार पराजुली, मकालु गाउँपालिका-४ घर भाई खाँदबारीमा लेखापढी व्यवसाय गर्ने अनिष गुरुङ र चैनपुर नगरपलिकाका पासाङ शेर्पा रहेको जिल्ला प्रहरी कार्यालयका प्रमुख प्रहरी नायब उपरीक्षक लालध्वज सुवेदीले जानकारी दिए । पक्राउ



परेका वडाध्यक्ष भोटे एमालेबाट निर्वाचित भएका थिए ।

दलबहादुरको मृत्युपछि उनको जग्गाको हकवाला एकमात्र सन्तान बिममाया तामाङ हुन् । उक्त जग्गा ७५ वर्षीया छोरी बिममाया नाममा यही फागुन २ मा नामसारी भएको खुलेको छ ।

तर बिममायालाई आफ्नो नाममा जग्गा नामसारी भएको कुनै जानकारी थिएन । प्रहरीका अनुसार मृतकको नाममा रहेको जग्गा नामसारी गर्न आवश्यक पर्ने कागजात नागरिकताको प्रतिलिपि, घरबाटो सिफारिस तथा जग्गा नामसारी गर्ने सिफारिससमेत वडाध्यक्षले भोटेले खाँदबारीमै बसेर तयार पारेका जनाइएको छ ।

प्रहरीका अनुसार उनीहरुले अपर अरुण जलविद्युत् आयोजनास्थलको मुआब्जा क्षेत्रमा पर्ने जग्गा स्थानीय ७५ वर्षीया वृद्धालाई ललाइफकाइ गरेर रजिस्ट्रेशन पास गरेको खुलेको छ ।

मुआब्जाभित्र पर्ने २७ रोपनी जग्गा रु एक लाख दिएर पास गरेको अनुसन्धानले देखाएको छ । २७५ कित्ताको जग्गा पासाङ शेर्पाको एकल नाममा र २८० कित्ताको जग्गा कल्पना भोटे र डिमालाजुङ भोटेको नाममा संयुक्त रजिस्ट्रेशन पास गरिएको छ । बिक्री भएको दुई कित्तामध्ये २७५ नंको जग्गा फागुन १६ गते पासाङ शेर्पाको नामबाट कविता पराजुलीको नाममा रजिस्ट्रेशन पास गरिएको छ ।

उक्त जग्गा नामसारी गर्न वडाध्यक्षले मालपोत कार्यालय खाँदबारीका कर्मचारी महेन्द्रकुमार पराजुलीको सहयोग लिएको जनाइएको छ ।

योजनाअनुसार बिममायाको नाममा पास गरिएको जग्गामध्ये कित्ता नं २८० (११७३५ वर्गमिटर) को जग्गा वडाध्यक्ष किन्साङको तर्फबाट कल्पना भोटे र सुरेन्द्रको तर्फबाट उनकै श्रीमती डिमालाजुङ भोटेको नाममा संयुक्त रजिष्ट्रशन पास गरेको खुलेको छ ।

बिममायाको नाममा रहेको २७५ (१८३० वर्गमिटर)को जग्गा पासाङ शेर्पाको नाममा पास गरेका छन् । पासाङको नाममा रहेको सोही जग्गा पुनः कर्मचारी पराजुलीको श्रीमतीको नाममा फागुन १६ मा नामसारी भएको प्रहरीले जनाएको छ ।

वडाध्यक्षले जग्गा पास गरिदिएवापत उक्त जग्गा आफूलाई दिएको पराजुलीले बयानमा बताएको प्रहरीले जनाएको छ । कागजत लेखापढी गरेवापत अनिषलाई वडाध्यक्षले रु नौ हजार दिएका थिए ।

कल्पनाको हकमा रजिष्ट्रशन पास लेखापढी व्यवसायी अनिषको नाममा वारेस पास भएको खुलेको छ । भोटखोला-२, ४ र ५ का विभिन्न स्थानमा अपर अरुण जलविद्युत् आयोजना (१०६८ मेगावाट) निर्माणका लागि अध्ययन भई जग्गा सर्भे तथा जग्गा प्राप्तिको कार्य भइरहेकाले उक्त जग्गा महंगोमा बिक्री हुने लोभले उनीहरुले उक्त जग्गा जालसाजी गरी पास गरेका हुन् । पक्राउ परेकाहरूलाई ठगी र कीर्ते मुद्दा चलाउने प्रहरीले जनाएको छ ।

**Chankheli Rural Municipality**
**Office Of Rural Municipal Executive**
**Piplang, Humla**

**INVITATION FOR BIDS**

**Invitation for bids for procurement of fabricated steel parts for trail bridges**
**Second Date of publication : 2078/11/30**

1. The government of Nepal has allocated TB-SWAP funds to chankheli Rural Municipality for Trail Bridge Program and the Rural Municipality intends to apply the funds to cover eligible payment under the contract for supply of fabricated steel parts for trail bridges. Bid is open to all eligible Nepalese bidders. Chankheli Rural Municipality invites sealed bids from registered fabricators for supply of fabricated steel parts for following trail bridges. Detailed evaluation and qualification criteria area are provided in section III of bid documents.
2. The bidders/fabricators with experience of successfully completing fabrication and supply of steel parts for minimum five trail bridges within last five years. New fabricators may apply in joint venture with an eligible firm having the required experience. Fabricators who are not enlisted by DOLI may also apply. However bids of such fabricators shall be considered responsive only in case fabricators fulfill the requirements.
3. Eligible bidders may obtain further information and inspect the bidding documents at the office of Chankheli Rural Municipality or www.chankhelimun.gov.np or contact at 9868258293, 9843644993
4. Bidding documents may be purchased from the office of Chankhei Rural Municipality, Chankheli, Humla or www.chankhelimun.gov.np by eligible bidders on submission of a written application and upon payment of a non – refundable fee for bid document as mentioned in the following table and the bid document fee should be deposited in A/C no. T304010000007 Global Ime Bank Chankheli Branch, Humla until the (last date of purchase of bidding document) (2078/12/14) from the date of publication of this notice
5. Bids must be submitted through directly at office of Rural Municipality, Chankheli, Humla will be accepted on or before 12:00 noon on 2078/12/15. Documents receive after this deadline shall not be accepted.
6. Bids will be opened in the presence of bidders representatives who choose to attend at 14:00 on 2078/12/15 at the office of Chankheli Rural Municipality, Chankheli, Humla. Bids must be valid for a period of 90 days after bid opening and must be accompanied by bid security amounting to a minimum of 2.5 % of the quoted bid amount (inclusive of VAT) which shall be valid for 30 days beyond the bid validity period.
7. If bidders wishes to submit the bid security in the form of cash bidders has to deposit cash in Global IME Bank Chankheli Branch Humla Account no. T304010000002 Chankheli Rural Municipality, Humla and submit bank deposit voucher along with the bid.
8. If the last date of purchasing submission and opening falls on a government holiday then the next working day shall be considered as the last day.
9. The name and identification of the contract are as follows:
10. The employer reserves the right to accept or reject wholly or partly any or all the bids without assigning any reason whatsoever.

| Description of work (fabrication package) | Estimated amount NRS (Including VAT) NRs | Bid security amount NRs. | Bid document fee NRs. | Contract identification no. |
|---|---|---|---|---|
| Fabrication of steel parts & transportation up to road heads of Chala Khola Truss bridge | 1579833.77 | 40000.00 | 1000.00 | TB-CRM-07-078/079 |
| Fabrication of steel parts & transportation up to road heads of Parigau Khola suspended bridge | 1171805.64 | 30000.00 | 1000.00 | TB-CRM-08-078/079 |

**Chief Administrative Officer**

# एमसीसी कोसेढुंगा सावित हुने सञ्चारमन्त्रीको दाबी

**गणेश रावत/मध्यान्ह**
बााके, २९ फागुन

सरकारका प्रवक्ता एंव सञ्चार तथा सूचना प्रविधिमन्त्री ज्ञानेन्द्र बहादुर कार्कीले अमेरिकी सहयोग सम्बन्धी परियोजना एमसीसीको सहयोग कोसेढुङ्गा सावित हुने दाबी गरेका छन् ।

आइतबार प्रेस युनियन बाँकेले नेपलगन्जमा आयोजित पत्रकार भेटघाटमा मन्त्री कार्कीले यस्तो बताएका हुन् ।

जताततै एमसीसीको विरोध हुनुको पछाडि गलत अफवाह र भ्रम फैलाइनु रहेको तर, त्यो अफवाह र भ्रमलाई ब्याख्यात्मक घोषणाले चिरेको उनले बताए ।

पत्रकार भेटघाटमा मन्त्री कार्कीले भने, 'एमसिसी सम्झौता पल्टाएर हेर्नुस् एमसिसी र नेपालको कानुन बाझियो भने नेपालको संविधान माथी हुन्छ भनेर स्पष्ट रुपमा लेखिएको छ ।'

मन्त्री कार्कीले देशमा चुनावी माहोल सुरू भइसकेको र नेपाली कांग्रेसलेसमेत चुनावी अभियान सुरू गरिसकेको भन्दै उनले स्थानीय तहको निर्वाचनमा सक्रिय सहभागी हुन आम नागरिक र कार्यकर्तालाई अपील गरे ।

स्थानीय तहको निर्वाचनमा आवश्यकता अनुसार सत्ता साझेदार दलहरूबीच चुनावी तालमेल हुन सक्ने पनि मन्त्री कार्कीले बताए ।




कांग्रेसले आइतबारदेखि नै एक महिनासम्म चल्ने चुनावी अभियान थालेको छ। त्यसका लागि कांग्रेसले 'घर-घर जाऔं, कांग्रेस जिताऔं' भन्ने नारा बनाएको छ। कांग्रेसले सबै जिल्ला र स्थानी तहहरूमा अभियान सञ्चालनका लागि केन्द्रीय सदस्यहरूलाई खटाइसकेको छ ।

मन्त्री कार्कीले राजनीतिक स्थिरतासँगै आर्थिक रुपमा समृद्ध बनाउने सरकारको अबको मुख्य लक्ष्य रहेको दोहोऱ्याए ।

एमसिसी विशुद्ध विकासको कार्यक्रम भएकाले मुलुकको दीगो आर्थिक विकासमा सहयोग पुग्ने उनको भनाइ छ । मन्त्री कार्कीले एमसिसिको सहयोग कोसेढुंगा सावित हुने दावी दोहोऱ्याएका छन् ।

# भाडा समायोजन गर्न व्यवसायीको माग

**काठमाडौं/मस-** यातायात व्यवसायीले चैत ७ गतेसम्म सरकारबाट यातायातको भाडा समायोजन नगरे एकतर्फी भाडा बढाउने भएको छ । असार २७ गते समायोजन गरिएको भाडा अहिलेसम्म यथावत् रहेकोले व्यवसायीले तत्काल भाडा समायोजन गर्न सरकारसँग माग गरेका हुन् ।

विगतमा डिजेलको मूल्य १०४ हुँदा समायोजन भएको भाडा अहिले रु १३३ पुग्दासमेत यथावत् हुनु विडम्बना भएको व्यवसायीको गुनासो रहेको छ । बजारका हरेक वस्तुको मूल्य आकासिँदै गएको समयमा वैज्ञानिक भाडा समाजोजन आजको आवश्यकता भएको उनीहरुको भनाइ थियो ।

आइतबार पत्रकारसम्मेलन गरी नेपाल यातायात व्यवसायी राष्ट्रिय महासंघका अध्यक्ष योगेन्द्रनाथ कर्माचार्यले वैज्ञानिकरुपले भाडादर समायोजन गर्नाका लागि सरकारसँग माग गरेका छन् । उनले ७ गतसम्म भाडा समायोजन नभए बाध्य भएर व्यवसायी आफैले समायोजन गर्ने चेतावनी पनि दिएका छन् ।

व्यवसायीका अनुसार हाल तय भएको वैज्ञानिक भाडा प्रणाली अनुसार इन्धनको ३५ प्रतिशत सूचकलाई आधार मान्दा सार्वजनिक बसको लागत नौ दशमलव ३, ट्रक (पहाड) को ११ दशमलव ८२ र ट्रक (तराई)को १३ दशमलव १३ प्रतिशत लागत वृद्धि भएको छ ।

**UAE मा रोजगार** | कम्पनी : AL QALB AL NAQI FACILITIES MANAGEMENT SERVICES
शहर : UAE

पूर्व स्वीकृत मितिः २०७८/११/२९ चलानी नं.: ६०१७५८५७ L.T. No.: 258903

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Commercial Sales Representative | 4 | 0 | सम्बन्धित काममा दक्ष | 1200 | ३९,९३६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Data Entry Clerk | 3 | 0 | | 1200 | ३९,९३६ | | | | | | | |
| 3. | Female Cleaner | 0 | 3 | | 1000 | ३३,२८० | | | | | | | |
| 4. | Male Cleaner | 8 | 0 | | 900 | २९,९५२ | | | | | | | |
| 5. | Office Clerk | 4 | 0 | | 1200 | ३९,९३६ | | | | | | | |
| 6. | Public Relation Clerks | 4 | 0 | | 1200 | ३९,९३६ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ चैत ७ गते (21 March 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**Krisha International Employment Service Pvt. Ltd.**
Gov. Lic No. 1297/074/075
Sinamangal-09, Kathmandu |Tel: 01- 4487145, Email: krishaintl2017@gmail.com

# संघीयताको पक्षमा कलम चलाउन पत्रकारलाई मन्त्री साहको आग्रह

**राजेन्द्र महतो/मध्यान्ह**
राजविराज, २९ फागुन

सप्तरीको राजविराजमा सञ्चार माध्यम र पत्रकार आचारसंहिता निर्माण सम्बन्धी सुझाव संकलन कार्यशाला गोष्ठी सम्पन्न भएको छ ।

मधेश सरकार आन्तरिक मामिला तथा सञ्चार मन्त्रालय मिडिया काउन्सिल मधेश प्रदेश जनकपुरधामको आयोजनामा कार्यशाला गोष्ठीको आयोजना गरिएको हो ।

कार्यक्रममा प्रमुख अतिथि मधेश प्रदेशका आन्तरिक मामिला तथा सञ्चारमन्त्री भरत प्रसाद साहले देश विकासको मेरुदण्ड संघीय शासन प्रणाली भएको भन्दै संघीयताको पक्षमा पत्रकारहरूलाई कलम चलाउन आग्रह गरे ।

मन्त्री साहले राम्रो कार्य गर्ने पत्रकारलाई पुरस्कृत र पित्त पत्रकारिता गरी जनताको भावनामा ठेस पुग्ने गरी समाचार प्रकाशन तथा सम्प्रेषण गर्ने पत्रकार र सञ्चारमाध्यमलाई दण्डित गर्ने ऐन बन्न लागेको बताए ।

मन्त्री साहले सञ्चार मन्त्रालयले सञ्चार माध्यम र पत्रकारहरूको विकासको लागि सञ्चार ऐन निर्माणको क्रममा छ, ऐनमा प्रदेशको श्रोत र साधनले भ्याएसम्म सञ्चार माध्यमहरूलाई व्यवस्थापन गर्दै पत्रकारहरूको सेवासुविधा बढाउने नीति अघि सरिसकेको बताए ।

गोष्ठीमा आन्तरिक मामिला तथा सञ्चार राज्यमन्त्री रुबी कुमारी कर्णले पत्रकारितालाई मर्यादित र अनुशासित बनाउन सरकारको तर्फबाट सहयोग गर्ने प्रतिबद्धता व्यक्त गर्दै दलगत प्रयोजनको रुपमा बजेट दुरुपयोग हुन नदिने बताइन् ।



प्रदेश आम सञ्चार प्राधिकरण मधेश प्रदेशका अध्यक्ष श्यामसुन्दर यादवले पत्रकारहरूको लागि स्वास्थ्य बीमा दुर्घटना बीमा लगायतका सुविधाको लागि धेरै काम अगाडि बढेको बताए। अध्यक्ष यादवले १ लाखसम्मको स्वास्थ्य बीमा, ७ लाख सम्मको दुर्घटना बीमा २ करोड सम्मको लोककल्याणकारी बीमा स्थापनाको काम अन्तिम चरणमा रहेको बताए । यादवले सरकारले ल्याएको ऐन कार्यान्वयनसँगै सञ्चार माध्यम र पत्रकारहरूको सेवासुविधा वृद्धि भएसँगै आचारसंहिता उल्लंघनको घटना न्यूनीकरण हुने विश्वास व्यक्त गर्दै प्रेस प्रतिनिधि परिचयपत्र दिने र सञ्चार माध्यमहरूको नवीकरण गर्ने कार्य अब मधेश सरकारले नै गर्ने बताए ।

मिडिया काउन्सिल मधेश प्रदेशका अध्यक्ष शिवहरी भट्टराईको अध्यक्षतामा आयोजित गोष्ठीमा नेपाल पत्रकार महासंघका केन्द्रीय सदस्य रिन्कु गायत्री मिश्रले संचार माध्यम र पत्रकार आचारसंहिता मधेस प्रदेश २०७८ पढेर सुनाइन् ।

गोष्ठीमा नेपाल पत्रकार महासंघका केन्द्रीय सदस्य ललिता साह, नेपाल पत्रकार महासंघ मधेश प्रदेश अध्यक्ष राजेश कर्ण, सचिव भोला पासवान, नेपाल पत्रकार महासंघ सिरहा अध्यक्ष मनोज बनैता यादव, सप्तरीका अध्यक्ष श्रवण देव, लगायतकाले शुभकामना एवं सुझाव मन्तव्य व्यक्त गरेका थिए। कार्यक्रमको सञ्चालन मिडिया काउन्सिलका सदस्य वन्दना झाले गरेकी थिइन् ।

# झुटो विवरणको आधारमा नागरिकता: छोडियो सामान्य वयानमा

**सत्येन्द्र प्रताप सिंह/मध्यान्ह**
रौतहट, २९ फागुन

नक्कली कागजातको आधारमा नेपाली नागरिकताको प्रमाणपत्र लिने एक भारतीय दम्पतीलाई जिल्ला प्रशासन कार्यालय पर्साले सामान्य बयानमात्र लिएर छोडेको छ । जिल्ला प्रशासन कार्यालय मुद्दा शाखाका शिवशंकर सर्राफले प्रमुख जिल्ला अधिकारी उमेशकुमार ढकालको आदेशमा उनीहरुसँग बयानमात्र लिएर छोडिएको हो ।

भारतीय नागरिक गुप्ता दम्पतिले झुटो विवरणको आधारमा नेपाली नागरिकताको प्रमाणपत्र लिएको उजुरी परेको र जिल्ला प्रशासन कार्यालय पर्साले पक्राउ गर्न प्रहरी परिचालन गरेपछि उनीहरु बुधबार जिल्ला प्रशासन कार्यालयमा हाजिर भएका थिए । भारतीय नागरिक सुनिलकुमार गुप्ता र उनकी पत्नी रंजनाकुमारीले नेपाली नागरिकताको प्रमाणपत्र लिइएको प्रमाण फेला परेपछि उनीहरुमाथि आवश्यक छानबिनको लागि उजुरी परेको थियो ।

पर्साका प्रमुख जिल्ला अधिकारी ढकाल र नागरिकता फाँटका खरदार सर्राफको मिलिमतोमा बयानमात्र लिएर उनीहरुलाई छोडिएपछि आशंका उत्पन्न भएको छ ।




नेपालमा अवैध कारोबारसमेत संचालन गर्दै आएका गुप्ताले रौतहट जिल्लाको गरुडा नगरपालिका वडा नम्बर ५ शिबनगरकी रन्जनासँग विवाह गरेका थिए । उनले पर्सा जिल्ला प्रशासन वीरगन्जबाट नक्कली आमा र बुबा खडा गरि नेपाली नागरिकता प्रमाणपत्र प्राप्त गरेका हुन् ।

गुप्ताको स्थायी घर भारत बिहार राज्यको पूर्वीचम्पारण जिल्ला जिहुली वडा नम्बर ५ हो। भारतमा उनले आधार तथा राशन कार्ड र मतदाता परिचय पत्र समेत बनाएका छन ।

जिल्ला प्रशासन कार्यालय गौरबाट अविवाहित अवस्थामा नेपाली नागरिकताको प्रमाण पत्र लिएकी गुप्ताकी श्रीमति रंन्जना देबी भनिने रंजनाकुमारी गुप्ताले विवाहपछि भारतीय नागरिकको रुपमा सबै सुविधा लिँदै आएकी छिन् ।

उनीमाथि पनि दोहोरो नागरिकता लिएको भन्दै हदैसम्म कानूनी कारबाहीको माग गर्दै उजुरी परेको छ। रंन्जना पनि सुन र लागूऔषध कारोबारमा संलग्न रहेको समेत स्रोतले जनाएको छ ।

नेपाली नागरिकता लिएर अवैध धन्दा चलाउँदै आएका गुप्ता दम्पतिले १० वर्षयता वीरगन्जमा करोडौं रुपैयाँ बराबरको चलअचल सम्पत्ति आर्जन गरेका छन्। उनीहरुले नेपाल भारत खुला सीमाको फाइदा उठाएर अवैध कारोबारमार्फत सम्पत्ति आर्जन गरेको स्थानीयको भनाइ छ ।

## Invitation for Electronic Bid

## Kabilasi Municipality

## Office Of The Municipal Executive

**Kabilasi, Sarlahi**

**Province No.: 2**

**Invitation for Bids for The Construction of School Building at Janta Ma. Vi. Salempur Kabilasi-10**

**IFB No.: KM/WORKS/NCB/78-79/2**

**Contract Identification No.: KM/Works/NCB/78-79/2**

***Date of Publication: 2078-11-30***

1. Kabilasi Municipality invites electronic bid from Nepalese eligible bidders for ***The Construction of School Building at Janta Ma. Vi. Salempur Kabilasi-10*** under National Competitive Bidding - Single Stage Two Envelope Bidding procedure.
2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents by visiting PPMO website www.bolpatra.gov.np/egp. Bidders will be selected under the following evaluation and qualifications criteria.
   a. **Average Annual Construction Turnover: 1,50,00,000.00**
   b. **Required Bid Capacity: 1,75,00,000.00**
   c. **Line of Credit: 50,00,000.00**
   d. **Similar Nature Work experience: At least one School Building costing 1,50,00,000.00**
   e. **Key Experience:**
      **RCC (M20): 180 cum.**
      **Reinforcement Work: 28500 Kg.**
      **Brick Work (1:4): 220 cum.**
3. A complete set of Bidding Documents may be downloaded from PPMO's Web Site www.bolpatra.gov.np/egp,. Bidders can submit their bid electronically only upon the payment of bid document fee of ***NRs. 5000.00*** before ***12:00 PM on 2078-12-30*** in the Project's Rajaswa (revenue) account as specified below and the scanned copy (pdf format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids. Bidders can submit their bid by electronic means only. Information to deposit the cost of bidding document in Bank:
   Name of the Bank : NIC Asia Bank, Kabilasi Branch Sarlahi
   Name of Office : Kabilasi Municipality
   Office Account No. : **1372050029273002**
4. Pre-bid meeting shall be held at Kabilasi Municipality at ***1 PM*** on ***2078-12-20.***
5. Electronic bids must be submitted through PPMO website **www.bolpatra.gov.np/egp** on or before ***12 PM*** on ***2078-12-30.***
6. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at ***1 PM*** on ***2078-12-30*** at the office. Bids must be valid for a period of ***90 days after bid opening*** and must be accompanied by a bid security or scanned copy of the bid security in .pdf format in case of e-bid, amounting to a minimum of ***NRs.500,000.00*** for each bid, which shall be valid for 30 days beyond the validity period of the bid.
7. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.

**HOSPITALITY & HOTEL MANAGEMENT COURSES**

होटल तथा हस्पिटालिटी सम्बन्धी सम्पूर्ण तालिमहरु जस्तै वारिस्टा, कमर्शियल कुकिङ, हाउस किपिङ, वेटर तथा वेट्रेस, कस्टुमर सर्भिस, स्किल डेभलपमेन्टजस्ता तालिमहरु भिक्टोरिया इन्टरनेशनल होटल ट्रेनिङ एण्ड इन्स्टिच्युटले दिँदै आइरहेको छ । यदि तपाईं पनि होटलसम्बन्धी राम्रो तालिम लिएर स्वदेश तथा विदेशमा स्वरोजगार बन्न चाहनुहुन्छ भने हामीलाई सम्झनुहोस् । यहाँ सस्तो मूल्यमा अन्तर्राष्ट्रिय स्तरको होटल सम्बन्धी तालिम दिई रोजगारको समेत ग्यारेन्टी दिइने भएको हुनाले ढिला नगर्नुहोस् ।

Hotel Training Diploma 1750 Hrs Rs 160,000
F&B Service, Production, HK, Barista, FO, CSA
English Free
Jobs.

Short Courses
• Interview Tips • English Language • Service Staff Training
• Customer Service & Skill Development Training

GET TRAINED & DEVELOPE YOUR PERSONALITY

After Training 100% Job Guarantee !

तालिमपछि रोजगारको ग्यारेन्टी

VICTORIA INTERNATIONAL
VICTORIA INTERNATIONAL HOTEL TRAINING & INSTITUTE PVT. LTD.
www.facebook.com/hoteltrainingnepal Email: hoteltrainingnepal@gmail.com
Contact: 9801100127/ 9801100128 / 9801100129 / 9801100130

मध्यान्ह
www.madhyanhadaily.com
३० फागुन २०७८, सोमबार
14 March 2022, Monday

सम्पादकीय

## मताधिकार नखोस

नेपालको संविधानले आमाको नामबाट नागरिकता दिने र जन्मको आधारमा नागरिकता लिएका नागरिकका सन्तानले वंशजको आधारमा नेपालको नागरिकता पाउने सुनिश्चित गरेको छ । यो संवैधानिक व्यवस्था कार्यान्वयनका लागि संघीय कानून चाहिन्छ । तर, संविधान जारी भएको ६ वर्षसम्म संघीय कानून नबन्दा लाखौंको संख्या नागरिकताबाट बन्चित भएका छन् र उनीहरू आगामी स्थानीय तहको निर्वाचनमा मताधिकारबाट बन्चित हुने अवस्थामा पुगेका छन् ।गैरसरकारी तथ्यांकलाई मान्ने हो भने नेपालमा जन्मिएका र नागरिकता लिन उमेर पुगेका तर, नागरिकता नपाएकाहरूको संख्या करिब ८ लाख छ । यति ठूलो संख्या मताधिकारबाट बन्चित हुन पुग्नुको कारण राज्य हो,राजनीतिक दलहरू हुन् । राज्यले समयमै कानून बनाएर नागरिकता दिएको भए मताधिकारबाट बन्चित भएको गूनासो कतै सुन्नुपर्ने थिएन । तर, अहिले यत्रतत्र राज्यले कानून नबनाएर मताधिकार खोसेको चित्कार सुनिँदैछ । यो कानूनी राज्यका लागि अति लज्जाको विषय हो । तिनै नागरिकको भोट लिएर राजनीति गर्ने राजनीतिक दलहरूले मताधिकारबाटै बन्चित हुने अवस्था सिर्जना गराउनु लोकतन्त्रकै गलत प्रवृत्ति हो ।


संसदमा विचाराधीन नागरिकता सम्बन्धी ऐन अगाडि बढ्न नसक्नुको पनि एउटै कारण छ– अंगीकृत नागरिकता सम्बन्धी प्रावधान कस्तो राख्ने ? अंगीकृत नागरिकता नेपालीसँग विवाह गरेर आउने विदेशीलाई दिइने नागरिकता हो । पछिल्लो समय नेपालीसँग विवाह गरेर आउने विदेशीलाई सात वर्षपछि वैवाहिक अंगीकृत नागरिकता दिने र त्यसभन्दा अगाडि राजनीतिक अधिकार प्रयोग गर्न नपाउने गरी आवसीय अनुमति पत्र दिने विषयमा बहस जारी छ । यो बहसले संसद्को पछिल्लो कार्यकाल नै व्यतित गरेको छ। अंगीकृत नागरिकता सम्बन्धी प्रावधानमाथिको बहसमा अल्भिँदा संविधान जारी भएको ६ वर्षसम्म पनि नागरिकता सम्बन्धी कानून बन्न सकेको छैन । अर्थात, नेपालीसँग विवाह गरेर आउने विदेशीलाई दिइने नागरिकताको चिन्ताले नेपालमै जन्मिएर नेपालमै बसोबास गर्दै आएका र नागरिकता लिने उमेर पुगेकाहरू मारमा परेका छन् । विदेशीको चिन्ताले नेपाली मारमा पर्ने कहिलेसम्म ? यसको समाधान तत्काल खोजिनुपर्छ ।

आगामी स्थानीय तहको निर्वाचनमा मताधिकारबाट बन्चित भएपनि नागरिकताविहीनहरूलाई नागरिकता दिलाएर प्रदेश र संघीय निर्वाचनमा मताधिकार प्रयोग गर्ने वातावरण बनाउन सकिन्छ । यसका लागि तत्काल संसद्ले विचारधीन नागरिकता ऐन २०६३ लाई संशोधन गर्न बनेको विधेयकलाईपास गरेर कानून बनाउने तदारूकता देखाउनुपर्ने हुन्छ । पाँच–पाँच वर्षमा हुने निर्वाचनमा तीन वटै तहको चुनावमा मताधिकारबाट लाखौं जनतालाई बन्चित गर्न हुन्न भन्ने चेत राजनीतिक दल र तिनका नेताहरूमा आउन जरूरी छ । र यो तदारूकता देखाउने दायित्व र जिम्मेवारी सरकार र सरकारमा रहेका दलहरूको हो । खबरदारी गर्ने दायित्व विपक्षी दलहरूको हो । नागरिक समाज र सरोकारवालाहरूले पनि खबरदारी गर्नुपर्ने देखिन्छ ।

# कम्युनिष्ट आन्दोलनमा उत्पन्न विसंगति

पछिल्ला केही दशक समग्र विश्व कम्युनिष्ट आन्दोलनमा कम्युनिष्ट नैतिकता, निष्ठा, इमानदारीता, आचरण र व्यवहारको ठाउँमा जालझेल र षडयन्त्रले नराम्रोसँग गुँढ लाउन थाल्यो । यो आन्दोलनलाई भित्रैबाट कमजोर र खोक्रो बनाउने काम भयो ।

अग्रलेख



● लोकनारायण सुबेदी

एक जमाना थियो, त्यतिबेला कम्युनिष्ट आन्दोलन अत्यन्तै लोकप्रिय र आम श्रमजीवी जनताको आशा र भरोसाको एक मात्र बिकल्प प्रतीत हुन्थ्यो । त्यसको सान्दर्भिकता र महत्व यसले स्थापित गरेको थियो । त्यो आज पनि छ र अझ बढ्न गएको छ । यद्यपि अहिले यो आन्दोलन ठूलो धक्का र पराजयको घोर बिचलनकारी प्रवृत्तिको नराम्रोसँग शिकार बनेको कालखण्डबाट गुज्रिरहेको छ । अनि जुन उचाईमा जनताको विश्वासको धरोहर हिजो यो आन्दोलन बन्न सकेको थियो आज त्यो स्थिति छैन । बरू उल्टै कम्युनिष्टको खोल ओढेर कम्युनिष्ट बिरोधी शोषक शासक वर्गको ताबेदारी गर्ने र जनतालाई भ्रमित तुल्याउने प्रबृत्ति आज प्रबल बनेको स्थिति आज छ ।

अहिलेम्मको विश्व कम्युनिष्ट आन्दोलनलाई हामीले सर्सरी पनि हेर्‍यौ र केलायौ भने विश्व स्तरमा यसमा मूलतः तीनवटा महत्वपूर्ण मोड आएको प्रष्टसँग देख्न र उल्लेख गर्न सकिन्छ । त्यस्तो पहिलो उल्लेखनीय र महत्वपूर्ण पहिले मोड सन् १८४८ मा कम्युनिष्ट पार्टीको घोषणापत्रको प्रकाशन पछि आएको थियो । बस्तुतः यसले संसार अर्थात् मानव समाज र प्रकृति दुबैलाई हेर्ने, व्याख्या गर्ने र फेर्ने एउटा अत्यन्तै महत्वपूर्ण वैज्ञानिक तथा समकालीन विश्वका अरू दर्शनभन्दा भिन्न द्वन्दात्मक तथा ऐतिहासिक भौतिकवादी सामाजिक दर्शन, विचार, दृष्टिकोण र नीति दियो । वस्तुतः कार्लमार्क्स र फेडरिक एंगेल्सले विश्वका सामु प्रस्तुत गरेको त्यो कम्युनिष्ट घोषणा पत्रले संसारलाई हेर्ने, बुझ्ने, व्याख्या गर्ने र फेर्ने एउटा नयाँ र सशक्त आधार र अपूर्व ऊर्जा प्रदान गर्‍यो । यस प्रकार यसले विश्वमा ठूलो हलचल मात्र ल्याएको होइन, अहिलेसम्मको गलत बाटोमा शोषण, अन्याय, दमन, दबाब र थिचोमिचोको अमानवीय बाटोमा हिँडिरहेको संसारलाई बदल्न सकिन्छ, भन्ने अत्यन्तै महत्वपूर्ण, सारगर्भित र दूरगामी सन्देश विश्वलाई दियो ।

वस्तुतः नयाँ किसिमले संसारलाई गम्भीरतापूर्वक र जिम्मेवारीका साथ हेर्ने र फेर्ने त्यो घोषणापत्रकै आधारलाई अघि बढाउँदै लाने क्रममा नै रूसको सन् १९१७ को महान् अक्टोबर सामाजवादी क्रान्तिले सफलता पाएको हो । पूँजीवाद साम्राज्यवादमा विकसित भएपछि यसको सबैभन्दा कमजोर पकड जहाँ हुन्छ त्यो देशमा क्रान्ति सम्भव छ भन्ने निष्कर्ष मार्क्सवादकै सिर्जनात्मक विकास र प्रयोगको आधारमा निकालेर लेनिनले सफल पारेको त्यो अपूर्व समाजवादी क्रान्तिले विश्वमा पहिलो पटक मजदुर किसानको अर्थात् समाजको पिँधमा परे पारिएका शोषित पीडित जनताको शासन सत्ता स्थापना गरेको थियो । यसरी त्यो समाजवादी क्रान्तिको सफलताले नै पहिलो पटक विश्व कम्युनिष्ट आन्दोलनमा अर्को या दोश्रो आधारभूत र नयाँ मोड ल्याएको हो । त्यो मोड सर्बहारा क्रान्ति र साम्राज्यवादबीचको संघर्षको मोड थियो । मूलतः अहिले पनि त्यही क्रान्तिको मूलप्रवाहबाट विश्व कम्युनिष्ट आन्दोलन गतिमान छ । अर्थात् त्यो मोडलाई छोडियो भने त्यो कम्युनिष्ट आन्दोलन रहँदैन, अबरूद्ध हुन्छं र त्यसमा बिकृति बिसंगति आउँदछ ।

लेनिनको नेतृत्वमा सम्पन्न त्यो पहिलो समाजवादी क्रान्ति पछि नै विश्वका अरू धेरै देशहरूमा सामन्तवाद, साम्राज्यवाद र उपनिवेशवाद बिरोधी आन्दोलनको लहर विश्वव्यापीरूपमा फैलिएको र तिनले सफलता पाएका हुन् भन्ने कुरा इतिहासले सिद्ध गरिसकेको हो । त्यही क्रममा नै चीन र भारत पनि उपनिवेशवादको पञ्जाबाट मुक्त भएका हुन् । त्यसै क्रममा नै चीनमा माओको नेतृत्वमा नयाँ जनवादी क्रान्ति सम्पन्न भएर आज विश्वको अग्रतम आर्थिक शक्तिको रूपमा स्थापित हुन गइरहेको छ । तर, विश्वले यतिबेला समाजवादी सोभियत संघमै त्यो महान् समाजवादी क्रान्तिका उपलब्धीहरू नजोगिनु र सोभियत समाजवादको पतन हुनुको पछाडिका वस्तुगत र मनोगत कारणहरू सही किसिमले केलाएर सार्थक निष्कर्षमा पुग्नुपर्ने गम्भीरतम आवश्यकता छ ।

विश्व कम्युनिष्ट आन्दोनलको अहिलेको तेश्रो महत्वपूर्ण मोड हो । सोभियत समाजवादले ७० वर्ष चलेपछि सन् १९९० मा खाएको अत्यन्तै गम्भीर धक्का र यसको पतन, जसको व्यापक र दूरगामी असर अहिले पनि विश्वव्यापीरूपमा परिरहेको छ । यसले विश्व कम्युनिष्ट आन्दोलनका गम्भीर प्रकारका कमी कमजोरीहरू केलाउन, यसलाई पुनः सही धरातलमा खडा गर्न र सही दिशामा अघि बढाउन विश्वभरीका कम्युनिष्ट तथा यो शोषण उत्पीडनमा आधारित विश्व समाजलाई समूल रूपमा फेर्न चाहने प्रगतिशील, बामपन्थी, क्रान्तिकारी र लोकतान्त्रिक शक्तिहरूले समेत आज गहनरूपमा सोच विचार पुर्‍याउन पर्ने दूरगामी महत्वको अत्यन्तै गम्भीर कुराको गहिरो बोध गराउँछ ।



> मार्क्स र एंगेल्सको कालखण्डमा आजको जस्तो कम्युनिष्ट आन्दोलनमा त्यस्तो कुनै जालझेल र षडयन्त्रहरूको गन्धसम्म पनि थिएन । मार्क्सवादी नेता कार्यकर्ताहरूमा पारदर्शीता, इमानदारीता र जनताप्रति शतत् समर्पण त्यो बेलाको प्रष्ट चरित्र र उदात्त स्वाभाव थियो । वास्तवमा लेनिनको नेतृत्वमा भएको महान् अक्टोबर समाजवादी क्रान्तिको श्रेय मूलतः यही महत्वपूर्ण विशेषता र जीवन्त वस्तुस्थितिलाई दिइनु सर्वथा उचित हुन्छ ।

विश्वमा अहिलेसम्म कम्युनिष्ट आन्दोलनका दुईटा चक्रले पूर्णता पाइसकेका छन् भने तेस्रो चक्र अर्थात् ठूलो धक्का खाएको कालखण्डको स्थितिमा आजको विश्व समाज रहेको छं । त्यसैले यतिबेला यो धक्काका साँङ्गोपाङ्गो कारणहरू केलाएर आन्दोलनको पुनर्समीक्षा गर्दै नयाँ किसिमले अघि बढ्नुपर्ने कालखण्डबाट विश्व समाज अघि बढ्दै छ । यो चरण वास्तवमा घोर बिचलन, सिद्धान्तहीनता, भयंकर धक्का, र आत्म समीक्षाको अत्यन्तै गम्भीर र महत्वपूर्ण चरण हो । यो कुरालाई नेपाललगायत विश्वभरीका कम्युनिष्ट तथा बामपार्टीहरूले महसुश गर्नु पर्दछ र गर्दै आएका पनि छन् ।

झण्डै एक दशकजति अगाडि पोर्चुगलको राजधानी लिस्वनमा विश्वका ६१ देशका ७६ कम्युनिष्ट पार्टीहरूको संयुक्त बैठकले एकमतले निचोड निकालको थियो - ठूलो धक्का खाए पनि वास्तवमा वैज्ञानिक समाजवाद नै पूँजीवादी संकटबाट मुक्तिको विश्वको आजको पनि सही बिकल्प हो । तर, बिगतमा र अहिले पनि समाजवादी सिद्धान्त र व्यवहारका बारेमा जस्तो किसिमले तोडमोड गरिएका छन्, जस्ता गम्भीर गल्तीहरू दोहोर्‍याइएका छन् र जसरी समाजवादी आन्दोलनलाई शिथिल र दिशाहीन तुल्याउने खालका गतिबिधि भइरहेका छन् । तिनबाट उचित शिक्षा लिएर अघि बढ्न सक्दा मात्र वैज्ञानिक समाजवादका मानवीय, विश्वव्यापी उपलब्धीहरू, समाजवादी प्रणाली र तिनको औचित्यता र आवश्कयताको पुनर्पुष्टी गर्दै अघि बढ्न सकिने आलोचनात्मक सार त्यो संयुक्त बैठकले खिचेको थियो । त्यस बैठकले क्रान्तिको कुनै एउटै मोडेल या नमूना हुँदैन र त्यो दोहोर्‍याइरहन मिल्दैन र सकिँदैन पनि भन्ने उल्लेख गर्दै तर, समाजवादी क्रान्ति सम्पन्न गर्न, जीवन्त समाजवाद निर्माण गर्न र त्यसको सही ढंगले व्यवस्थापन गर्न श्रमजीबी जनताको अग्रतम र निर्णयक भूमिकालाई सुनिश्चित गरिनु पर्दछ र त्यो सम्भव छ । वर्तमान अन्तर्राष्ट्रिय स्थितिको परिप्रेक्षमा विश्वभरीका कम्युनिष्ट तथा श्रमजीवी जन समुदायका साथै साम्राज्यवाद बिरोधी प्रगतिशील तथा क्रान्तिकारी लोकतान्त्रिक शक्तिहरूको ऐक्यवद्धता र पारस्परिक सहयोग नै त्यस्तो शक्ति हो जसले वैज्ञानिक समाजवाद एउटा अजेय विकल्प हो भन्ने कुरालाई मूर्त र ठोसरूपमा चरितार्थ गर्दछ र गर्न सक्दछ भन्ने निष्कर्ष बैठकले निकालेको थियो । यसका लागि विश्वका बदलिँदो गतिबिधिहरूलाई निरन्तर हेर्ने, केलाउने, परस्पर यस्ता अन्तरक्रिया गर्ने, विचारहरूको आदान प्रदान गर्ने र समय सापेक्ष र सही क्रान्तिकारी गतिबिधिहरूलाई अघि बढाउन हर तरहले लाग्ने प्रतिबद्धता पनि जनाइएको थियो । यसका लागि त्यो विश्व बैठकले विश्व समाजवादी आन्दोलनलाई अघि बढाउन समय सापेक्ष विभिन्न नीति र विभिन्न कदमहरू अबलम्बन गर्ने र तिनलाई व्यवहारमा खरो उतार्ने महत्वपूर्ण निर्णयहरू समेत लिएको थियो ।

समाजवादी अक्टोबर क्रान्ति हुनु अघिको आधा शताब्दीको कालखण्डलाई हामीले नियालेर हेर्‍यौ भने पनि त्यतिबेला कम्युनिष्टहरू राज्य सत्ता सञ्चालन गर्ने अवस्थामा नपुगेको भए पनि त्यो समय उनीहरूको निमित्त बृहत बहस, अन्तरक्रिया र रचनात्मक प्रकृयाको दृष्टिले अत्यन्तै उर्बर समय थियो । विशेषगरी यस सन्दर्भमा पेरिस कम्युनको असफलतापछिको कालखण्ड कम्युनिष्ट सिद्धान्त र विचारधाराको समृद्धिका निमित्त आदर्शतम् कालखण्ड रहेको औंल्याउन सकिन्छ । वास्तवमा त्यो कालखण्डमा अरूको आलोचना सुन्ने र आफ्नो गल्ती सच्याउने लोकतान्त्रिक र पारदर्शी असल परिपाटी अत्यन्तै प्रबल बनेको समय थियो । त्यतिबेला मार्क्स र एंगेल्सलाई समकालीनहरूले गरेको आलोचनाहरूबाट उनीहरूले सही शिक्षा लिने गरेको कुरा नै यसको सबैभन्दा ज्वलन्त उदाहरणको रूपमा लिन सकिन्छ । मार्क्स र एंगेल्सको कालखण्डमा आजको जस्तो कम्युनिष्ट आन्दोलनमा त्यस्तो कुनै जालझेल र षडयन्त्रहरूको गन्धसम्म पनि थिएन । मार्क्सवादी नेता कार्यकर्ताहरूमा पारदर्शीता, इमानदारीता र जनताप्रति शतत् समर्पण त्यो बेलाको प्रष्ट चरित्र र उदात्त स्वाभाव थियो । वास्तवमा लेनिनको नेतृत्वमा भएको महान अक्टोबर समाजवादी क्रान्तिको श्रेय मूलतः यही महत्वपूर्ण विशेषता र जीवन्त वस्तुस्थितिलाई दिइनु सर्वथा उचित हुन्छ ।

पछिल्ला केही दशक समग्र विश्व कम्युनिष्ट आन्दोलनमा कम्युनिष्ट नैतिकता, निष्ठा, इमानदारीता, आचरण र व्यवहारको ठाउँमा जालझेल र षडयन्त्रले नराम्रोसँग गुँढ लाउन थाल्यो । यो आन्दोलनलाई भित्रैबाट कमजोर र खोक्रो बनाउने काम भयो । जालझेल र षडयन्त्रको यस्तै अनुभूतिले गर्दा होला चीनमा कम्युनिष्ट पार्टीका अध्यक्ष माओले आफ्नो जीवनको उत्तरार्द्धमा पुग्दै गर्दा 'मार्क्सवादको प्रयोग गर, संशोधनवादको होइन, एकजुट होऊ नफुट, खुल्ला र खुलस्त होऊ, जालझेल र षडयन्त्र नगर' भन्ने अत्यन्तै महत्वपूर्ण र सारगर्भित मार्गदर्शन गरेका र निर्देशन दिएका थिए । वास्तवमा, यीनै महत्वपूर्ण सारलाई बुझेका तथा विश्व कम्युनिष्ट आन्दोलन र त्यसको एउटा अंग नेपाली कम्युनिष्ट आन्दोलनभित्र पनि भित्रिएको जालझेल र षडयन्त्रको अनुभव बटुलेका नेपाल कम्युनिष्ट पार्टीका संस्थापक महासचिव कमरेड पुष्पलाल श्रेष्ठले पनि 'राजनीति जालझेल होइन, वास्तविक वस्तुस्थितिको आधारमा वर्गीय विश्लेषणको निचोड हो' भन्ने दूरगामी र महत्वपूर्ण निष्कर्ष निकालेका थिए र विभिन्न घटना, पघिटनाहरूबाट सही शिक्षा लिनुपर्ने महत्वपूर्ण सन्देश दिएका थिए । वस्तुतः आज पनि समग्र नेपाली कम्युनिष्ट आन्दोलनलाई क्रान्तिकारी नैतिक धरातल प्रदान गर्न र क्रान्तिकारी दिग्दर्शन गराउन यो निष्कर्षको अत्यन्तै ठूलो महत्व छ र रहिरहने छ । देश र जनताको समुन्नति, समानता, सम्बृद्धि शतत् शान्ति चाहने सबै क्रान्तिकारी कम्युनिष्ट, बामपन्थी र क्रान्तिकारी लोकतन्त्रवादीहरूले आज यी कुरालाई आत्मसात गर्न र सही दिशामा अघि बढ्न सिक्नु, सक्नु र अग्रसर हुनुको कुनै विकल्प छैन ।

## सामाजिक सञ्जाल




- गोविन्द पौडेल

माओवादी नेताहरूले यूट्यूबबाट प्रकाश सपुतको नयाँ गीत नहटाइए सहेर नबस्ने चेतावनी दिनुभएछ । आफ्नो अनुहारमा भएको दाग प्रकाश सपुतको ऐनामा देखियो । अब के गर्ने कमरेड ? अनुहारको दाग पखाल्ने कि, ऐना पुछ्ने कि ऐनै फुटाइदिने ?



- शिवराज खत्री

प्रकाश सुपतको 'पीर'मा नारीलाई देह व्यापारमा जोडेको विषय एउटा बिम्ब हो । गीतमा धेरै बेथिति र पीडाहरू समेटिन बाँकी छ । पीरको विरोधभन्दा जनयुद्धलाई धनयुद्धमा परिणत गर्ने टाउके नेताको प्रवृतिको विरोध पो गर्ने कि ? गृहमन्त्रीकै अगाडि बिष सेवन गर्न खोज्ने कुलप्रसाद भट्टराईलाई बिर्सिसके ।




- इन्द्रलक्ष्मी घिमिरे

केही प्रतिशतको आक्रोश मात्रै पोखिएको हो सपुतमाथि ! गीतको सार सही छ । अंक गणितीय हिसाबले हिजोका द्वन्दका खाटो नबसेका कयौं जमात आज पनि बाबुराम र प्रचण्डलाई आफ्नो बर्बादीको कारण मान्छन् । रह्यो कुरा बिम्बको, बिना खोज यो गीत आएको होइन होला । तपाईं हामीले नदेखेको ऐना पो देखाइएको हो कि ?



- नास्तिक युवराज

नेतृत्व गद्दार हुँदा र टुटफुटको परिणाम हाम्रो सामु छँदैछ तर, महान् लक्ष्यसहितको युद्धको त्यो समयलाई प्रत्यक्ष–परोक्ष अपमानित गर्ने खालको कलाकर्म निरूत्साहित हुनुपर्छ । नियतमाथि शंका नगरी सकारात्मक रूपमा हेर्दा जनयुद्धको लक्ष्य कार्यान्वयन नगर्दा रूपमाथिको प्रहार देखिन्छ ।



- भावना नेपाल

महिला मुक्ती मात्र होइन समग्र देशकै पिछडिएकाहरूलाई राज्यको मुलधारमा ल्याएर सुबिधा दिने महान् जनयुद्धलाई बदनाम गर्ने प्रयत्नले हुँदै नभएको काल्पनिकतालाई प्रस्तुत गर्न महिला छापामारलाइ 'वेश्या' देखाइनु निन्दनीय मात्र होइन दण्डनीयसमेत छ । जनयुद्धका सिपाहीले गरेको अरू राम्रो काम देखेनौ ।

# प्रकाश सपुतको गीतले उठाएको प्रश्न

नेताहरूले समृद्ध र बिलासी जीवन बिताउँदा परिवर्तनको सपना बोकेर लड्ने लडाकुहरू कठीनतम् र तिरस्कृत जीवन जिउन बाध्य छन् भन्ने यथार्थ चित्र बोकेको सामान्य गीतलाई प्रतिबन्धको माग गर्नु हदैसम्मको निरंकुशता हो । अझ हाम्रो आन्दोलनले गर्दा "तैंले बोल्न पाएको छस्" भन्नेहरूले एउटा गीतको यसरी विरोध गर्नु त आफै नाङ्गिनु हो !

टिप्पणी



● नारायण गाउँले

प्रकाश सपूतको 'हेर्ने गीत'मा नयाँ र यसअघि नखोतलिएको कुनै नयाँ पाटो रहेनछ । पूर्वलडाकुहरूको जीवन अभाव र उपेक्षाले थलिएको तर, पार्टीका नेताहरू चाहिँ युद्धको उद्देश्य र मर्म बिर्सेर बिलासी र स्वार्थी जीवन बाँचिरहेको मूल कथ्य यो गीतको रहेछ । जुन धेरैले धेरै पल्ट धेरै तरिकाले भनिसकेको विषय हो । यो नाङ्गो आँखाले देखिने सत्य पनि हो । गीतले त उपेक्षा मात्रै देखाएको छ, वास्तविक जीवनमा त चेकसम्म लुटिएका घटना बाहिर आएका थिए । लडाकु र नेताबाहेक द्वन्द्वको बहुआयामिक पाटोलाई गीतले छोएको छैन । द्वन्द्वसँग कुनै साइनो नभएका लाखौं नागरिकले समेत द्वन्द्वकै कारण यो गीतमा देखाइएभन्दा बढ़ी दुःख पाएका छन् । केही मिनेटको गीतमा त्यो अपेक्षा न्यायसंगत पनि नहोला । युद्ध लड्नेहरूको हालत त यस्तो छ, अरूको के होला भन्ने अर्थमा चित्त बुझाउन भने सकिन्छ ।

गीतले मुख्य कथ्य अर्थात् युद्ध लड्नेहरूले पाएको दुःख र उपेक्षालाई समेत न्याय गर्न भने सकेको छैन । पूर्व लडाकु शहरमा मासुपसल खोल्न सक्ने बनेको छ । उसले त्यसअघि केही पेशा-व्यवसाय परिवर्तन समेत गरेको छ । वर्डफ्लूका कारण व्यापार कम हुनुमा युद्ध या नेताको दोष त नहोला । ऊ पासपोर्ट बनाउनेदेखि आवश्यक परे वैदिशिक रोजगारीमा जान सक्ने अवस्थामा देखिन्छ । कतिपय लडाकु त अङ्गभङ्ग भएर कुनै उद्यम गर्न या वैदिशिक रोजगारमा जान समेत नसक्ने अवस्थामा छन् । युद्धकै कारण कलिला सन्तान गुमाएका कति वृद्ध दम्पतिहरू छन् र पासपोर्ट बनाउन समेत पैसा नभएका कति लडाकुहरू छन् । हरेक लडाकु मन्त्री नै बन्ने भन्ने त हुँदैन । कुनै आन्दोलन या युद्धपछि सबै एकाएक सम्पन्न र समृद्ध भएको इतिहास पनि छैन । तर, चाट्ने त सीमित नेतृत्व वर्गले नै हो । नारामा समानताको लागि लडेको भएपनि त्यो युद्धपछि प्रचण्डले मासु पसल खोलेर बस्ने अनि बन्दुक छोडेर ऊ सिंहदरबार पस्ने भन्ने त स्वैर कल्पना नै हो ।

देहव्यापारको दृश्य र प्रसङ्ग केहीलाई अलि बिझाएको देखियो । माओवादी समर्थकलाई यो 'इन्सल्ट' जस्तो लाग्यो भने केही प्रगतिवादीलाई गीतले बाध्यता पर्ने बित्तिकै महिला देहव्यापार नै गर्छन् भन्ने गलत सन्देश दिएको जस्तो लाग्यो । व्याख्यात्मक विश्लेषण छोडौं, कहीँ र कुनै रूपमा देशमा देहव्यापारको अस्तित्व छ भन्ने त सबैलाई थाहा छ । व्यापार भएपछि बजार, बिचौलिया, क्रेता र बिक्रेता सबै छन् । ती को हुन् त ? के ती एलियन हुन् ? के ती अर्कै ग्रहबाट आउँछन् र व्यापार सकिएपछि विमानमा उडेर जान्छन् ? यदि ती हाम्रै समाजका पात्र हुन् भने ती पक्कै हामीजस्तै नागरिक हुन् ।

रहरले देहव्यापारमा लाग्नेहरू हुँदै हुँदैनन् भन्ने पक्कै सत्य होइन तर, यो व्यापारसँग जोडिएको सामाजिक घृणा, असुरक्षा र अस्वीकृतिका कारण 'बाध्यता' नै मुख्य कारण हो भन्नेमा विवाद गरिरहनु जरूरी छैन । संक्षेपमा भन्दा बाध्यतावश महिलाहरू हाम्रो समाजमा देहव्यापारमा संलग्न छन् । अर्थात्, जीवननिर्वाहका अन्य कुनै सम्भावना रहेसम्म मानिस यो पेशामा संलग्न हुँदैन । यत्ति सत्य स्वीकार गर्ने हो भने गीतमा कुनै समस्या देखिन्न । युद्ध लडेकै कारण एउटी महिला यो व्यापारमा पस्न बाध्य भएको होइन । युद्धअघि पनि देशमा असमानता, अभाव, गरिबी थियो, युद्धपछि पनि हट्न सकेको छैन । यो त स्वयं युद्धको कमाण्डिङ्ग गर्ने मोहन वैद्यदेखि विप्लवसम्मले भनेकै छन् ।

पूर्व लडाकु जति सबै देहव्यापार या वैदिशिक रोजगारमा छन् भन्ने निष्कर्ष गीतको होइन । देहव्यापारमा संलग्न जति सबै कांग्रेस-एमाले मात्रै हुन्, माओवादी होइनन् भन्ने निष्कर्ष आउने गरी गीतको विरोध हुनु पनि हाँस्यास्पद छ । कृष्णबहादुर महराजस्ता रसिक नेता हुन सक्छन् भने तिनैले प्रशिक्षण दिने केही लडाकुहरू श्रीमती वैदेशिक रोजगारीमा गएको केही महिनामा त्यसरी बजार पुग्नु पनि नौलो होइन । यौन जैविक र निजी विषय भएकाले सबै लडाकु पक्कै त्यसरी बजार छिर्छन् नै भन्ने पनि छैन । लडाकु बजार छिर्ने तर, अरू नछिर्ने भन्ने त झन् हुँदै होइन । युद्ध नलडेका या युद्धको विरोध गर्नेहरू पनि बजार छिरेकै छन् ।

गीतले सबैभन्दा तल्लो स्तरको र निरुपाय भएर बाध्यतावश गरिने व्यवसायका रूपमा देहव्यापार र वैदिशिक रोजगारीलाई प्रस्तुत गरेको छ । विश्वव्यापीकरणको यो युगमा वैदेशिक रोजगारलाई यस्तो हेय देखाउनु जरूरी छैन । अमेरिकीहरू अफ्रिकामा काम गर्छन् । भारतीयहरू विश्वभरि छन् । नेपाली पनि पुगेका छन् । यसलाई सुरक्षित, प्रभावकारी र व्यवस्थित बनाउने, सीप वृद्धि गर्ने र मर्यादित बनाउने भन्ने अलग कुरो होला । अझै केही दशक ठूलो आर्थिक वृद्धिदर हासिल गरे पनि रेमिटेन्स बिना हाम्रो अर्थतन्त्र धानिन सक्दैन ।

चुनाबको मुखमा कुनै खास राजनैतिक विषयमा एउटा गीत बजारमा आउँदा प्रसंशा मात्रै पाउने अपेक्षा त गायकले पनि राख्न मिल्दैन । तर, नेताहरूले समृद्ध र बिलासी जीवन बिताउँदा परिवर्तनको सपना बोकेर लड्ने लडाकुहरू कठीनतम् र तिरस्कृत जीवन जिउन बाध्य छन् भन्ने यथार्थ चित्र बोकेको सामान्य गीतलाई प्रतिबन्धको माग गर्नु हदैसम्मको निरंकुशता हो । अझ हाम्रो आन्दोलनले गर्दा "तैंले बोल्न पाएको छस्" भन्नेहरूले एउटा गीतको यसरी विरोध गर्नु त आफै नाङ्गिनु हो ! र पुछारमा, हिजो भर्खर पशुपति शर्माको 'लुट्न सके लुट्' बोलको गीतलाई हटाउन बाध्य पार्नेहरूले यतिबेला चर्को स्वरमा अभिव्यक्ति स्वतन्त्रताको वकालत गरेर प्रायश्चित गरेकोमा भने खुशी लागेको छ !

# महासचिव भुल 'युवा पत्रकारिता पुरस्कार'बाट पुरस्कृत



**काठमाडौं/मस–** वैदेशिक रोजगार पत्रकार समाजका महासचिव केशव भुल 'युवा पत्रकारिता पुरस्कार' बाट पुरस्कृत भएका छन् ।

युवा तथा खेलकुद मन्त्रालयले आइतबार मन्त्रालयका आयोजित एक कार्यक्रमकाबीच उनलाई पुरस्कार प्रदान गरेको हो । भुल नेपाल प्रेसका बरिष्ठ संवाददाता समेत हुन् ।


युवा पत्रकारिता पुरस्कार कार्यविधि, २०७५ अनुसार युवा तथा खेलकुद मन्त्रालयका सचिवको संयोजकत्वमा रहेको छनौट समितिले भुलसहित चार जना पत्रकारलाई आर्थिक वर्ष २०७८/७९ मा प्रदान गरिने युवा पत्रकारिता पुरस्कार प्रदान गरेको हो । भुल पत्रकारिताको माध्यमबाट युवाको क्षेत्रमा योगदान पुऱ्याएवापत पुरस्कारका लागि छनौट भएका थिए ।

पुरस्कृत हुनेमा अन्य पत्रकारमा पूर्ण बहादुर खड्का, बसन्ती बास्तोला र सिताराम ओझा रहेका छन् । पुरस्कृत सञ्चारकर्मीहरुलाई युवा तथा खेलकुदमन्त्री महेश्वरजंग गहतराज र मन्त्रालयका सचिव दामोदर रेग्मीले संयुक्त रूपमा दोसल्ला र प्रमाणपत्र प्रदान गर्दै पुरस्कृत गरे ।

युवा पत्रकारिता पुरस्कारको राशी ५० हजार रूपैयाँ रहेको छ । २०७५ सालदेखि युवा तथा खेलकुद मन्त्रालयले हरेक वर्ष युवाको क्षेत्रमा कलम चलाउँदै आएका चार-चार जनालाई पुरस्कृत गर्दै आएको छ । यस पटक पुरस्कार प्राप्त गर्नका लागि गत पुष १४ गते सूचना प्रकाशित गरेको थियो । मन्त्रालयले १२ जना युवालाई राष्ट्रिय युवा प्रतिभाबाट सम्मान गरेको छ । जसमा बकैया ४ मकवानपुरका सुमित्रा घिमिरे, देवचुली १६ नवलपरासी बर्दघाट सुस्ता पूर्वका राजन गौतम, विरेन्द्रनगर १ सुर्खेतका राज कुमारी पौडेल, शिवपुरी ४ नुवाकोटका राजाराम गुरुङ, रत्ननगर १५ चितवनका अशोक शर्मा र मालारानी ८ अर्घाखाँचीका खिम प्रसाद पन्थी रहेका छन् । विरेन्द्रनगर १२ सुर्खेतका हिमकुमारी उपाध्याय, बारपाक सुलिकोट ६ गोरखाका धिर्जबहादुर उपरकोटी, नरहरीनाथ एक कालिकाकोटका मंगल बहादुर विष्ट, भरतपुर १३ चितवनका सन्तोष वोटे, सुन्दरबहजार ६ लमजुङका कुसुम केसी पनि सम्मानित भए ।

संस्थातर्फ भने भानु १२ तनहुँको मिर्लुङ बहुउद्देशीय कृषि फर्म प्राली सम्मान प्राप्त गरेको छ । राष्ट्रिय युवा प्रतिभा सम्मानको राशी भने एक लाख रुपैयाँ रहेको छ । राष्ट्रिय युवा प्रतिभा सम्मान पनि युवा तथा खेलकुदमन्त्री गहतराज र मन्त्रालयका सचिव दामोदर रेग्मीले नै दोसल्ला र प्रमाणपत्रले सम्मान गरेका थिए ।

# बैतडीमा भेटिए कालाजारका बिरामी



**बैतडी/मस–** बैतडी जिल्लाको दोगडाकेदारमा कालाजारका बिरामी भेटिएका छन् ।

दोगडाकेदार गाउँपालिका-५ गोबडाका ३७ वर्षीया एक महिलामा कालाजारको संक्रमणको पुष्टि भएको हो ।

धनगढीमा उपचार गराउने क्रममा ती महिलामा कालाजार पुष्टि भएको स्वास्थ्य कार्यालय बैतडीका जनस्वास्थ्य निरीक्षक भुवनप्रसाद जोशीले जानकारी दिए ।

उनका अनुसार कालाजार पुष्टि भएपछि ती महिलाको सम्पर्कमा रहेकाको परीक्षण गरिएको छ ।

उनका अनुसार कुनै व्यक्तिमा कालाजार देखिएमा सम्पर्कमा रहेका कम्तीमा १५ जनाको नमूना संकलन गरेर परीक्षण गर्ने सरकारको नीति अनुसार स्वास्थ्य कार्यालयले गाउँमै स्वास्थ्यकर्मी खटाएर छेउछाउका स्थानीयवासी २१ जनाको नमूना संकलन गरेर कालाजार परीक्षण गराएको छ ।

नमूना संकलन गरेर परीक्षण गरिएका सबैको रिपोर्ट नेगेटिभ आएको जनस्वास्थ्य निरीक्षक जोशीको भनाइ छ ।

नमूना परीक्षणबाट नेगेटिभ आएपछि उक्त समुदायमा कालाजार नरहेको स्वास्थ्य कार्यालयले जनाएको छ । कालाजार भएनभएको रगत परीक्षणबाट थाहा हुन्छ ।

कालाजार भएमा टाउको दुख्ने, ज्वरो आउने, छालामा विभिन्न खालको संक्रमण हुने, तौल घट्ने, थकान महसुस हुने, रक्तअल्पता हुनेलगायतका लक्षण देखा पर्दछन् ।

## कम्पनी स्वेच्छिक खारेजी गर्ने बारेको सूचना

ड्रिमल्याण्ड एडभेन्चर ट्रेक्स (प्राईभेट) लिमिटेडको मिति २०७८ फागुन १ मा सम्पन्न विशेष साधारण सभाले विशेष प्रस्ताव पारित गरि कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम कम्पनीलाई स्वेच्छिक रुपमा खारेजीमा लैजाने निर्णय गरी मलाई सोहि ऐनको दफा १२७ बमोजिम लिक्वीडेटरमा नियुक्त गरेकोले यस कम्पनीसंग कुनै लेनदेन भए सबुत प्रमाण सहित सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र निम्नाअनुसारको ठेगानामा सम्पर्क राख्नहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । उक्त मिति पछि प्राप्त दाबी विरोध उपर कुनै कारवाही नहुने व्यहोरा समेत जानकारी गराईन्छ ।

**हरि बहादुर गुरुङ्ग**
**(लिक्विडेटर)**
पैंयाटार-०६, तारकेश्वर नगरपालिका
पत्र मंजुषा ५२१७, काठमाडौं
फोन : ९८५१०६७३२९ , इमेल : harigurung777@gmail.com

**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालयको**

## कम्पनीको दर्ता खारेज गरिएको सूचना

**प्रकाशित मितिः २०७८/११/३०**

यस कार्यालयमा **मिति २०५०/१२/१६** मा दर्ता भएको प्रा.लि. **नं. ९९३३३३** को **हिमालय ट्रेनिङ कम्पनी प्रा.लि.** नामक कम्पनी यस कार्यालयको मिति २०७८/११/२७ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १३६ (१) बमोजिम दर्ता खारेजी गरिएको सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

## कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

**तेस्रो पटक प्रकाशित मितिः २०७८/११/३०**

**मिस्टर कर्न नेपाल हन्ड्रेड पर्सेन्ट भेज फुड प्रा.लि.** को मिति २०७८/११/२१ गते बसेको विशेष साधारण सभाको बैठकको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **मिस्टर कर्न नेपाल भेज फुड प्रा.लि. (प्रा.लि.नं.: २४४९२१)**, कायम गर्ने गरी मिति २०७८/११/२६ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृती प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।


## कतारमा रोजगार | कम्पनी : CHITWAN SAFARI CONTRACTING & CLEAN AND HOSPITALITY SERVICES शहर : DOHA

पूर्व स्वीकृत मिति: २०७६/१०/२७ चलानी नं.: ६०१५१५०७ LT. No.: 232673 पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labourer | 41 | 0 | सम्बन्धित काममा दक्ष | 900 | ३०,१०५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Plumber | 1 | 0 | | 1100 | ३६,७९५ | | | | | | | |
| 3. | Electric | 1 | 0 | | 1100 | ३६,७९५ | | | | | | | |
| 4. | Foremen | 1 | 0 | | 2500 | ८३,६२५ | | | | | | | |
| 5. | Tile Maker | 1 | 0 | | 1100 | ३६,७९५ | | | | | | | |
| 6. | Instal Technician | 2 | 0 | | 1100 | ३६,७९५ | | | | | | | |
| 7. | Plaster Worker | 2 | 0 | | 1100 | ३६,७९५ | | | | | | | |
| 8. | Brick Mason | 2 | 0 | | 1100 | ३६,७९५ | | | | | | | |
| 9. | Supervisior | 1 | 0 | | 2500 | ८३,६२५ | | | | | | | |
| 10. | Electric Tech | 1 | 0 | | 1100 | ३६,७९५ | | | | | | | |
| 11. | Carpenter | 2 | 0 | | 1100 | ३६,७९५ | | | | | | | |
| 12. | Electrician General | 1 | 0 | | 1100 | ३६,७९५ | | | | | | | |
| 13. | Mason | 1 | 0 | | 1100 | ३६,७९५ | | | | | | | |
| 14. | Heavy Equipment Driver | 1 | 0 | | 1900 | ६३,५५५ | | | | | | | |

**अन्तरवार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ चैत ७ गते (21 March 2022) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नुहोला ।

श्रम इजाजत पत्र नं.: ७१८/०६४/०६५

**आस्था इन्टरनेशनल इम्प्लोइमेन्ट प्रा.लि.**
पो.ब.नं.: २१७०६, टोखा रोड, गोंगवु, काठमाडौं, फोन: ०१-४९८५८०२
E-mail : aasthamanpower@gmail.com, Web. : aasthaoverseasnepal.com
Mobile No.: 9864339769, 9818852251



## मलेसियामा रोजगार | १.कम्पनी: DRAGON TASTE SEAFOOD WHOLESALE & RETAIL SDN BHD शहर : SELANGOR

पूर्व स्वीकृत मिति: २०७६/११/१२ चलानी नं.: ६०१५२२२३ L.T. No.: 232753 पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | General Workers | 10 | 0 | स. काममा दक्ष | 1200 | ३४,९८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय धोविघाट, ललितपुरमा २०७८ चैत ७ गते (21 Mar. 2022) मा हुनेछ ।**

### २. कम्पनी: REAL PAPER BOARD SDN.BHD. शहर : JOHOR

पूर्व स्वीकृत मिति: २०७६/१०/२८ चलानी नं.: ६०१५१५६३ L.T. No.: 232755 पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | General Workers | 20 | 0 | स. काममा दक्ष | 1200 | ३२,९१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय धोविघाट, ललितपुरमा चैत ८ गते (22 March 2022) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- रोजगार दाताले | रु. १,५००/- रोजगार दाताले | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ३. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ४. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ५. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ६. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

श्रम इजाजत पत्र नं.: ५९७/०६२/०६३

**बज्र ह्युमेन रिसोर्सेज प्रा. लि.**
जि.पि.ओ.बक्सः २३९०१, धोवीघाट, नयाँबाटो, ललितपुर, नेपाल, फोनः ५५५५८२३, फ्याक्सः ५५४३७६९
Email: info@bajrahrs.com, bajra_1@yahoo.com, bajrah@gmail.com | url: www.bajrahrs.com



## कतारमा रोजगार | कम्पनी: GLOBAL FACTORY FOR PRODUCTION OF FIRE FIGHTING EQUIPMENT शहर: QATAR

पुर्व स्वीकृत मिति: २०७८/११/२९ चलानी नं.: ६०१७५८४० LT. No.: 258976

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Guard | 2 | 0 | सम्बन्धित काममा दक्ष | 1500 | ५०,१७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Mechanic | 1 | 0 | | 1800 | ६०,२१० | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ चैत ७ गते (21 March 2022) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**Blue Galaxy Overseas Pvt. Ltd.**
Gov. Lic. No. 186/057/058
Gangabu-29, Kathmandu, Nepal., P. O. Box. No. 20773, Tel: 4388389
E-mail: galaxyoves@gmail.com, Web.:www.galaxyoverseas.com.np



## कतारमा रोजगारको अवसर | कम्पनी: HUNDRED COFFEE शहर: DOHA

पूर्व स्वीकृत मिति:२०७८/११/२९ चलानी नं.: ६०१७५८३० L.T. No.: 259093

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cook Coffee | 3 | 0 | सम्बन्धित काममा दक्ष | 1500 | ५०,१७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Cook/Chef | 1 | 0 | | 1500 | ५०,१७५ | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ चैत ७ गते (21 March 2022) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

श्रम इजाजत नं. ८३४/०६६/०६७

**चाँदनी म्यानेजमेन्ट सर्भिसेज प्रा. लि.**
बसुन्धारा, काठमाडौं, नेपाल, फोनः ४९५५४२२, ४९६०५२२



## शुन्य लागतमा मलेशियामा रोजगारको अवसर

कम्पनी: AURA SECURITY SERVICE SDN BHD शहर: JALAN

पूर्व स्वीकृत मिति: २०७६/१०/२२ चलानी नं.: ६०१५१२४९ LT. No.: 232581 पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Guard | 50 | 0 | स. काममा दक्ष | 1200 | ३४,९२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**फाईनल अन्तर्वार्ता कम्पनीको प्रतिनिधिबाट अनलाईन मार्फत २०७८ चैत ७ गते (21 March 2022) मा हुनेछ ।**

Note- **नोट**

Applicants are requested to submit their application directly without Using any mediator, applicants (Family) members/Relatives/ Friends) are not required to make any payments for this Employment.

**आवेदकलाई कुनै पनि मध्यस्कर्ताको प्रयोग विना सिधा आवेदन गर्न आमन्त्रित गर्दछौं । आवेदक (परिवारको सदस्य/आफन्त/साथीभाई) ले यस रोजगारको लागि कुनै पनि प्रकारको शुल्क तिर्नु पर्ने छैन ।**

Applicant who has attained and selected in Pre–interview is only eligible for Final Interview.

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- रोजगार दाताले | रु. १,५००/- रोजगार दाताले | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. उमेर १८ वर्ष पुरा भई ४५ वर्ष ननाघेको हुनुपर्नेछ । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**वि. एस. ओभरसिज प्रा. लि.**
B.S. OVERSEAS PVT. LTD.
श्रम इजाजत नं. ५४०/०६१/०६२
पो.ब.नं.: १५१४२, सामखुसी - ३, काठमाडौं, नेपाल
फोन नं.: ०१-४९६३३५८, ०१-४९८७४०२, ०१-४३६४४१०
ISO 9001 : 2015 CERTIFIED Regd No : 19313/A/001/En
E-mail: info@bsoverseasnepal.com.np, bsoverseasnepal1@ gmail.com
website: www.bsoverseasnepal.com.np



## साउदीमा रोजगार | कम्पनी: AL FURAT WATER COMPANY FACTORY शहर: RIYADH

पूर्व स्वीकृत मिति: २०७८/११/२९ चलानी नं.: ६०१७५८५२ LT. No.: 257936

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | General Labor | 2 | 0 | सम्बन्धित काममा दक्ष | 1300 | ४२,४६७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Heavy Driver | 2 | 0 | | 1800 | ५८,६६२ | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ चैत ७ गते (21 March 2022) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

श्रम ईजाजत नं. ११७/०५५/०५६

**ईमास्को नेपाल प्रा. लि.**
गोंगबुं, सामाखुसी, काठमाडौं, नेपाल, फोन: ४३६२७०८, ४३५०३८१ ९८०६६५४५७१
फ्याक्स नं.: ४३५७७०८ , Mob.: 9818191788, 9808505819



## UAE मा रोजगार | १. कम्पनी : AMAN SECURITY AND GUARD SYSTEMS CO. LLC शहर: UAE

पूर्व स्वीकृत मिति: २०७८/११/२९ चलानी नं.: ६०१७५८२९ LT. No.: 259430

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Guard | 35 | 0 | सम्बन्धित काममा दक्ष | 2000 | ६६,५६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Security Guard - SIRA | 30 | 0 | | 1200 | ३९,९३६ | | | | | | | |

### २. कम्पनी : ROYAL FALCON SECURITY LLC शहर: UAE

पूर्व स्वीकृत मिति: २०७८/११/२९ चलानी नं.: ६०१७५८३१ LT. No.: 259431

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | cleaner | 40 | 40 | सम्बन्धित काममा दक्ष | 800 | २६,६२४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Life Guard | 15 | 0 | | 1200 | ३९,९३६ | | | | | | | |
| 3. | Security Guard - SIRA | 80 | 20 | | 1200 | ३९,९३६ | | | | | | | |
| 4. | Security Guard (PSBD) | 65 | 0 | | 2000 | ६६,५६० | | | | | | | |

**अन्तर्वार्ता होटेल लण्डन, ईटहरी, सुनसरीमा २०७८ चैत ७ गते (21 March 2022) मा हुनेछ ।**
**होटेल हिकोला हेरिटेज, विर्तामोड झापामा २०७८ चैत ८ गते (22 March 2022) मा हुनेछ ।**
**होटेल रेड कार्पेट, चितवन भरतपुरमा २०७८ चैत ९ गते (23 March 2022) मा हुनेछ ।**
**मेनपावर कार्यालय काठमाडौंमा २०७८ चैत १० गते (24 March 2022) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

श्रम इजाजत पत्र नं. ९५३/०६७/०६८

**Perfect Recruiting Service Pvt. Ltd.**
P O Box No: 3031, Prayas Nagar, Tokha-7, Kathmandu, Nepal
Tel : 014950764, 014987640 , Fax : 4360220, Email: info.perfectrecruiting@gmail.com



**INTERSCAFF SAFETY**
**International Vocational Training School**

- IRATA Rope Access
- CISRS Scaffolding
- Spray Painting
- Sandblasting
- F/S Carpenter
- Steel Fixer
- Pipe Fitter
- Insulator
- Welders-TIG/MIG/ARC(upto 6G)
- Mason-Marble/Tile/Block
- Industrial Electrician
- Aluminium Fabricator
- A/C Technician
- Plumber

Skill Test / Video Graphy Services

NOTE: We provide wide range of skill development trainings
Follow us on Social Media @interscaffsafety

Opposite Basundhara Chowki, Kathmandu, Nepal
Tel : +97714364297 | 9801042999 | 9801057807
www.interscaffsafety.com | info@interscaffsafety.com

मध्यान्ह
www.madhyanhadaily.com
३० फागुन २०७८, सोमबार
14 March 2022, Monday

# बालमजदुरलाई वैकल्पिक शिक्षा दिनुपर्नेमा जोड

माधव बेल्वासे/मध्यान्ह
कपिलवस्तु,२९ फागुन

कपिलवस्तुको शिवराज नगरपालिका भित्र रहेका बालमजदुर हरुलाई वैकल्पिक शिक्षा प्रदान गर्नुपर्नेमा जोड दिइएको छ । आइतबार ईंटा उद्योगमा गरिएको अनुगमनमा बालश्रमीकहरु फेला परेकोले उनीहरुलाई अनौपचारिक शिक्षा भएपनि प्रदान गर्नुपर्ने बताइएको छ। दलित मानव अधिकार निगरानी समितिको आयोजनामा शिवराज नगरपालिका उपप्रमुख शिवकुमारी थारुसहितको अनुगमन टोलीले नेपाली बालबालिका भन्दा भारतीय बालबालिकाहरु धेरै रहेकोले उनीहरुलाई पनि शिक्षाबाट बन्चित गर्न नहुने बताइन्। अनुगमनमा शिवराज नगरपालिकाका शिक्षा शाखा प्रमुख लोकराज पन्थीले विद्यालय शिक्षा असहज भएमा विभिन्न संघ-संस्थासँग सहकार्य गरी वैकल्पिक शिकाइबाट बालबालिकालाई शिक्षण प्रदान गर्नुपर्ने बताए । परिवारसहितको बसोबास रहने र बुबाआमालाई सहयोग गर्न भन्दै बालबालिकाहरु श्रमिकको रुपमा काम गरिरहेको पाइएकोले ती बालबालिकाहरु शिक्षाको पहुँचमा ल्याउनुपर्ने बताए । नगरले वैकल्पिक सिकाई योजना अघि सार्ने र त्यसमा उद्योगीहरु,संघसस्थाहरु सहकार्य हुने बताए । किडार्क नेपालका जिल्ला संयोजक कृष्ण रावलले बालबालिका अभिभावकहरु सचेत हुनुपर्ने बताए। बालबालिकाहरु शिक्षा दिनुपर्ने भन्दै विद्यालय शिक्षा सम्भव नभएमा वैकल्पिक सिकाईबाट भएपनि शिक्षा प्रदान गर्नपर्ने जोड दिए । ईंटा उद्योगमा कार्यरत बालबालिकाहरु तथ्याङ्क संकलन भएकोले अब ती बालबालिकाहरुलाई के गर्न सकिन्छ भन्ने विषयमा छलफल भइरहेको दलित मानव अधिकार निगरानी समितिका अध्यक्ष मिना परियारले बताइन् । शिवराज, महाराजगंज र



बुद्धभूमि नगर क्षेत्रमा उद्योगहरु अनुगमन गरी तथ्यांक संकलन गरिएको परियारले बताइन् । अनुगमनमा विभिन्न संघसंस्थाको प्रतिनिधिहरुको सहभागिता रहेको थियो ।

# बागलुङ सेवा समाज कतारको नेतृत्व पौडेललाई



तिलु शर्मा पौडेल/मध्यान्ह
कतार, २९ फागुन

बागलुङ सेवा समाज दोहा कतारको १२ औं अधिवेशन नयाँ नेतृत्व चयन गर्दै सम्पन्न भएको छ । समाजका अध्यक्ष सन्तोष पौडेलको सभापतित्व तथा संरक्षक राज रेग्मीको प्रमुख आतिथ्यतामा शुक्रवार सम्पन्न अधिवेशनले पुनः सन्तोष पौडेलको अध्यक्षतामा सर्वसहमतिमा नयाँ कार्यसमिति चयन गरेको छ । कार्यसमितिका अन्य पदाधिकारीहरूमा प्रथम उपाध्यक्ष सत्यकि प्रताप, द्वितीय उपाध्यक्ष टेक रसाइली र तृतीय उपाध्यक्ष चेतन पुन चुनिएका छन् ।

सचिवद्वय ईश्वर सापकोटा र नीराजन गौतम, सहसचिव बाबुराम गैरे ,कोषाध्यक्ष गोपाल थापा, सह-कोषाध्यक्ष कृष्ण श्रीपाली रहेका छन् ।

त्यस्तै कार्यसमितिका सदस्यहरूमा जल पुन, हिरा विक, कृष्ण गिरी, इन्द्र बोहोरा, चण्डी प्रसाद गौतम, दोलिन्द सुबेदी र शारदा गिरी निर्विरोध निर्वाचित भएका हुन् ।

नवनिर्वाचित अध्यक्ष पौडेलले थप १० जना पहिलो मासिक तथा नियमित बैठकबाट विभिन्न पदमा मनोनीत गरिने जानकारी दिए । उनले जिल्लाको सम्पूर्ण भेगलाई समेट्ने गरी मनोनीत गरिने जानकारी दिए ।

कार्यक्रममा अन्तर्राष्ट्रिय बागलुङ समाजका संरक्षक होमनाथ शर्मा, उपाध्यक्ष रमेश भट्ट लगायत अन्य संघ संस्थाका प्रतिनिधिहरुको पनि उपस्थिति रहेको थियो ।

कतारमा स्थापित थुप्रै कलाकारको साङ्गीतिक प्रस्तुतिसहित सम्पन्न अधिवेशनलाई तेजेन्द्र गैह्रेले सहजीकरण गरेका थिए ।

यस्तै अधिवेशनमा ईश्वर सापकोटाले प्रगति विवरण पेश गरेका थिए । करिब १३ लाख बराबरको सहयोग २ वर्षमा जिल्लामा गरिएको आयव्यय विवरण चेतन पुनले अधिवेशनमा पेश गरेका थिए । नव निर्वाचित कार्यसमितिलाई निर्वाचन समितिका संयोजक चन्द्रकान्त पौडेलले पद तथा गोपनीयताको शपथ ग्रहण गराएका थिए ।

'बागलुङ बासिको चाहना शान्त र समृद्ध स्वदेशको कामना' भन्ने मूल नारासहित सन् २००५ मा बागलुङ सेवा समाज कतार स्थापना भएको हो ।

# ब्राउनसुगरसहित दुई जना पक्राउ

झापा/मस- झापाको अर्जुनधारा र मेचीनगर नगरपालिकाबाट लागुऔषध ब्राउनसुगरसहित दुई जना पक्राउ परेका छन् ।

पक्राउ पर्नेमा मेचीनगर-१२ का ४५ वर्षीय कुमार राजवंशी र अर्जुनधारा-४ भाडबारीका ३६ वर्षीय रेसबहादुर सार्की रहेको जिल्ला प्रहरी कार्यालय झापाले जनाएको छ ।

राजवंशीलाई शनिबार इलाका प्रहरी कार्यालय काँकरभिट्टा र लागुऔषध नियन्त्रण ब्यूरोबाट खटिएको प्रहरी टोलीले मेची पुल छेऊबाट चार ग्राम ब्राउनसुगरसहित पक्राउ गरिएको थियो भने सार्कीलाई सोही दिन अस्थायी प्रहरी चौकी खुदुनाबारीबाट खटिएको प्रहरी टोलीले घरमै दुई ग्राम ब्राउनसुगरसहित पक्राउ गरेको थियो । पक्राउ परेका दुवै जनासँग थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।


## पर्सा गाउँपालिकाको सुचना

- अनिवार्य खोप लगाऔं ।
- घर बाहिर जदाँ मास्क अनिवार्य लगाउने गरौं ।
- कोरोनाबाट आफु पनि बचौं, अरुलाई पनि बचाउ ।
- नियमित साबुन पानिले राम्ररी हात सफा गरौं ।
- खोप कार्ड रजिष्ट्रेसन गराउ ।

**पर्सा गाउँपालिका**
पर्सा, सर्लाही
मधेश प्रदेश, नेपाल
ito.parsamun@gmail.com, parsagaupalikasarlahi@gmail.com



## UAE मा रोजगार
कम्पनी : ARABIAN GULF FACILITY MANAGEMENT L.L.C
शहर : DUBAI
पूर्व स्वीकृत मितिः २०७८/११/१७ चलानी नं.: ६०१७५२६४ LT. No.: 258883 पुन विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | cleaner | 250 | 50 | स. काममा दक्ष | 800 | २६,६२४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता सेन्टर प्वाईन्ट होटेल, विर्तामोड झपामा २०७८ चैत ७ गते (21 March 2022) मा हुनेछ ।
खुकुरी होटल, ईटहरी सुनसरीमा २०७८ चैत ८ गते (22 March 2022) मा हुनेछ ।
मेनपावर कार्यालय काठमाडौं २०७८ चैत ९ गते (23 March 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Porter | 6 | 0 | स. काममा दक्ष | 1000 | ३२,५९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ चैत ७ गते (21 March 2022) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**Space Overseas Services Pvt. Ltd.**
श्रम इजाजत पत्र नं.: १११/०५४/०५५
Budhanilkantha- 9, Kathmandu, Tel: 4376717, 4379275, Fax: 4377352
E-mail : info@spaceoverseas.com, Web : www.spaceoverseas.com

## यूएईमा रोजगारको अवसर | १. कम्पनी : BERKELEY SECURITY SERVICE AND BUILDING CLEANING (BR OF
शहर: UAE

पुर्व स्वीकृत मितिः २०७८/०९/०२ चलानी नं.: ६०१७०७३६ L.T. No.: 254183 पुनः विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner | 300 | 100 | सम्बन्धित काममा दक्ष | 800 | २६,६२४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Security Guard | 100 | 0 | | 1200 | ३९,९३६ | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ चैत ७ गते (21 March 2022) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**शुभ हारती म्यानपावर प्रा. लि.**
बालाजु चोक, काठमाडौं, नेपाल, श्रम इजाजत नं.: ६०३/०६२/०६३
फोन नं.: ००९७७-१-४९८७६२४, ४९८७७४६, ४९८७७४८

# बक्स अफिस समाचार

## ४८ विधामा दोस्रो स्पर्श म्युजिक भिडियो अवार्ड



**काठमाडौं/मस–** विभिन्न ४८ विधामा अवार्ड प्रदान गर्दै 'दोश्रो स्पर्श म्युजिक भिडियो अवार्ड २०२१' काठमाडौंमा सम्पन्न भएको छ । शनिबार काठमाडौंमा माहिरो फेशन एन्ड डिजाईनको प्रस्तुति तथा टच इन्टरटेनमेन्ट एन्ड स्पर्श फिल्म प्रालि र पेजेन्ट नेपाल इन्टरटेनमेन्टको सँयुक्त आयोजनामा यो अवार्ड सम्पन्न भएको हो ।

अवार्ड कार्यक्रमको प्रमुख अतिथि वरिष्ठ गीतकार तथा शसस्त्र प्रहरी बलका महानिरिक्षक शैलेन्द्र खनालले उद्घाटन गरेका थिए । अवार्डले श्रष्टामा नयाँ सृजनाका लागि प्रेरणा जगाउने उनले कार्यक्रममा बताए ।

सोही कार्यक्रममा अभिनेत्री शर्मिला मल्ललाई 'स्पर्श लिजेन्ड्री एक्ट्रेस अवार्ड-२०२१' सम्मानित गरियो । नेपाली चलचित्र तथा म्युजिक भिडियोमा करिब चार दशकदेखि अभिनयबाट निरन्तर योगदान दिएको भन्दै उनलाई समारोहमा सो अवार्डबाट सम्मानित गरिएको हो । अभिनेत्री शर्मिलाले सम्मान ग्रहण पछि यस्तो सम्मानले अझ काम गर्न उर्जा मिल्ने बताईन् । अभिनेत्री शर्मिला अभिनित आधा दर्जन गीतमा सम्मान अघि विभिन्न कलाकारहरुले नृत्य प्रस्तुत गरे । उनीहरुले शर्मिलालाई पनि नचाए ।

अभिनेताद्धय यसराज गराच, दीक्पाल कार्की र अभिनेत्री तेजुला खतिवडाको आयोजनामा धुम्बाराही स्थित दियो ब्याँकेटमा अवार्ड सम्पन्न भएको हो । कार्यक्रममा केही कलाकारलाई फरक योगदान सम्मानबाट पनि सम्मानित गरियो ।

विशिष्ट योगदान सम्मानबाट अग्रज नृत्य निर्देशक बसन्त श्रेष्ठ, छायाँकार शिब ढकाल, मकेअप आर्टिष्ट रितु राना, चलचित्र पत्रकार बिष्णु सुवेदी, चलचित्र महिला निर्देशक सम्झना उप्रेती रौनियार सम्मानितन भए । फेसन कोरियोग्राफर हिमानी सुब्बा, रियालिटी शो कोरियोग्राफर नरेश बीर सिंह, युथ इन्टरप्रेटर अभिशेषक लामा, फरक क्षमताको व्यक्तित्व सानुबाबु बज्राचार्य, सामाजिक योगदान सुनिल कटुवाल, अभिनय तथा मोडलिङ योगदान सम्मानबाट साक्षी लम्साल र रोहित रुम्बा सम्मानित भए ।

कार्यक्रममा सर्वोत्कृट आधुनिक गीतकार डायस्पोरा अवार्ड कृष्ट क्षत्रीलाई, सर्वोत्कृट गायकको अवार्ड काँडा उम्रियो गीतबाट सिताराम पोखरेललाई, सर्वोत्कृष्ट गायिकाको अवार्ड मायाँ होकीबाट सुवानी मोक्तानलाई प्रदान, सर्वोत्कृष्ट आधुनिक गीत म्युजिक भिडियो मोडलको अवार्ड पिरती बस्योबाट आशा पौडेललाई पाईन् । यस्तै सर्वोत्कृष्ट लोक आधुनिक गीतबाट गीतकारको अवार्ड हे गाजली गीतबाट डब्बु क्षत्रीले हाँसिल गरे ।

आधुनिकमै सर्वोत्कृष्ट भिडियो सम्पादक दिनसन शाहले, आधुनिक गीत म्युजिक भिडियो मोडल पुरुष अवार्ड जाडर्न राज भण्डारीले, पप गीत भिडियो सम्पादक अवार्ड बिजेश पौडेलले, म्युजिक भिडियो छायाँकारको अवार्ड लुज सिंहले, म्युजिक भिडियो कोरियोग्राफरको अवार्ड पिरती बस्यो गीतबाट केशब राज भट्टले प्राप्त गरे ।

लोकपप तर्फ गीतकार डायस्पोराको अवार्ड निर्मलराज परिवेशले, बाल गायनको अवार्ड यस श्री मर्हजनले, म्युजिक भिडियो बाल मोडलको अवार्ड परिष्ना बास्तोलाले, राष्ट्रिय भावको गीत भिडियो मोडलको अवार्ड रिचा थापाले प्राप्त गरे । यस्तै पप गीत भिडियो महिला मोडल अवार्ड एलिजा गौतमले, म्युजिक भिडियो पुरुष मोडलको अवार्ड सागर लम्सालले, म्युजिक भिडियो महिला निर्देशकको अवार्ड बिना श्रेष्ठले, म्युजिक भिडियो निर्देशकको अवार्ड सिमाना पारीबाट मिलन चाम्सले र सर्वोत्कृष्ट म्युजिक भिडियोको अवार्ड सिमाना पारीले प्राप्त गऱ्यो ।

लोक दोहोरी विधामा म्युजिक भिडियो सम्पादकको अवार्ड पदम सुवेदी, गायकको अवार्ड चिज गुरुङले, भिडियो मोडलको अवार्ड सुधिर श्रेष्ठ र करिश्मा ढकालले, म्युजिक भिडियो निर्देशकको अवार्ड दीपक मान सिंहले प्राप्त गरे । सर्वोत्कृष्ट पार्श्व गायकको अवार्ड हर युग होस गीतबाट प्रताप दासले हाँसिल गरे ।

यस्तै जुरी अवार्ड गीतकार डायस्पोरा तर्फ उत्तम भण्डारीले, म्युजिक भिडियो नव निर्देशकतर्फ अर्जुन भुसालले, गायन तर्फ छेवाङ लामाले, म्युजिक भिडियो निर्देशक तर्फ देबेन्द्र पान्डे र कोरियोग्राफी तर्फ तेन्जु योन्जनले हाँसिल गरे । आदिबासी गीतमा विश्वास जँग रायमाझी र समिता गिरीले मोडल, सरस्वती मानन्धरले भिडियो र हिरा चौधरीले भिडियो निर्देशक अवार्ड प्राप्त गरे ।

कार्यक्रममा लोक पप र आधुनिक विधाबाट इमर्जिङ मोडलको अवार्ड विना रानामगर, आरध्य लक्ष्मी खड्गी र युवराज खतिवडाले इमर्जिङ कोरियोग्राफरको अवार्ड आशिष नापितले, नव गायकको अवार्ड गायक गणेश थापा हाँसिल गरे ।

अभिनेता एबम् आयोजक यसराज गराच, दीक्पाल कार्कीले सञ्चालन गरेको यो अवार्डको मुख्य निर्णायकमा रँगकर्मी बीरेन्द्र हमाल, निर्णायकमा नृत्य निर्देशक सुवास बुढाथोकी, अभिनेताद्धय प्रवण भुसाल, विशाल बिष्ट र गायिका सरिता भारती थिए । कार्यक्रममा गायिका सरिता भारतीले हे गाजली गीत गाएर समारोहको रौनक बढाईन् । विभिन्न कलाकारले समारोहमा आधा दर्जन नृत्य प्रस्तुत गरे ।

## प्रचार प्रसारमा 'चिसो एष्ट्रे' टिम



**काठमाडौं/मस–** आउँदो चैत ४ गते प्रदर्शन हुन लागेको चलचित्र 'चिसो एष्ट्रे'ले मोफसलमा पनि प्रचार प्रसार तीव्र बनाएको छ । प्रचारलाई काठमाडौं केन्द्रित मात्र नबनाएर फिल्मका कलाकार तथा निर्देशक मोफसल यात्रामा निस्किएका हुन् । फिल्मको टोली दुई भागमा बाँडिएर मोफसल यात्रामा दर्शकसँग साक्षात्कार गर्न निस्किएको थियो ।

निर्माता महेशबाबु तिमिल्सिनाले कलाकार, निर्माता तथा निर्देशकको टोलीले पूर्व र पश्चिममा बेग्लाबेग्लै गरी दर्शकलाई फिल्मको बारेमा जानकारी दिएको बताए । उनका अनुसार पूर्वमा सृष्टि श्रेष्ठ, निकुन श्रेष्ठ र निर्माता महेशबाबु स्वयं फिल्मको प्रचारका लागि गएका थिए भने पश्चिममा निर्देशक दिन्स पाल्पाली, कलाकार दिव्य देव र नबिन लम्साल फिल्मको बारेमा जानकारी दिन नेपालगञ्ज धनगढी जस्ता स्थानमा पुगेका थिए ।

पूर्वमा निकुन र सृष्टिले विराटनगर, इटहरी, बिर्तामोड जस्ता सहरमा कलेजका विद्यार्थीसँग अन्तर्क्रिया गर्नुका अलावा पत्रकारसँग पनि साक्षात्कार गरेका थिए ।

निर्माता महेशबाबुले फिल्मको ट्रेलरलाई लिएर दर्शकमा चासो रहेको र यसले आफूहरूले लामो समय लगाएर गरेको मेहनत सार्थक भएको महसुस गरेको बताएका थिए ।

निर्देशक दिन्स पाल्पालीले पनि आफ्नो होम टाउनमा फिल्मलाई लिएर दर्शकको उत्सुकता देखेर खुसी लागेको बताए । उनको टोलीले पनि कलेज भ्रमणसँगै नेपालगञ्ज र धनगढीमा पत्रकार भेटघाट कार्यक्रम गरेको थियो ।

## डा. डीआरले ल्याए चेतनामूलक गीत

**काठमाडौं/मस–** विश्व कीर्तिमानी गीतकार डा. डीआर उपाध्यायको चेपाङ समुदायको जागरणका लागि तयार गीत 'चेपाङ बस्ती' सार्वजनिक भएको छ । सन्तोष श्रेष्ठको संगीत रहेको गीतमा डा. उपाध्यायकै स्वर छ ।

चेपाङ समुदायका समस्या, त्यसको समाधानका लागि राज्यबाट हुनुपर्ने पहल र विभिन्न जागरणका कार्यक्रमका बिषय समेटिएको सामाजिक सन्देशमूलक रहेको गीतकार उपध्यायले जनाएका छन् ।



चितवनमा चेपाङ समुदायको बसोबास रहेको स्थान जिमलिङ चौतारामा छायांकन भएको भिडियो माइकल चन्दले निर्देशन गरेका हुन् । भिडियोमा चेपाङ समुदायका विभिन्न व्यक्ति, पत्रकार नेपोलीयन चेपाङ, गीतकार डा. उपाध्याय, सुनिता खनाल, यमबहादुर घर्ती, कृष्ण भुसालको अभिनय समेटिएको छ ।

उत्सव दाहालको छायांकन रहेको यो जागरण गीतको भिडियो डीआर म्युजिक क्रियशनको युट्युवमार्फत सार्वजनिक गरेको छ । केही अगाडि ८० विश्व रकेर्ड बनाएका डा. उपाध्याय अहिले १०३ विश्व रेकर्ड पु याउने दौडमा छन् ।

## सोसल हिरो अवार्ड कटुवाललाई



**काठमाडौं/मस–** टच इन्टरटेनमेन्ट एण्ड स्पर्श फिल्म प्रालि र पेजेन्ट नेपाल इन्टरटेनमेन्टको संयुक्त आयोजनामा सम्पन्न 'स्पर्श म्युजिक भिडियो २०२१' मा चलचित्र कलाकार संघका कोषाध्यक्ष सुनिल कटुवाल शोसल हिरो अवार्डबाट सम्मानित भएका छन् ।

कटुवाल समाजसेवी, चलचित्र निर्माता पनि हुन् । शसस्त्र प्रहरी बलका महानिरिक्षक तथा वरिष्ठ गीतकार शैलेन्द्र खनाल 'सरद' को प्रमुख आतिथ्यमा सम्पन्न उक्त कार्यक्रममा बरिष्ठ कोरियाग्राफर बसन्त श्रेष्ठ लगायत विभिन्न विधामा कलाकर्मीहरुलाई अवार्ड, सम्मान बितरण गरिएको थियो ।

कटुवालले 'यो सम्मानले आफूलाई निकै खुसी मिलेको र आगामी दिनमा अझ काम गर्न थप उर्जा मिलेको' बताए । अवार्ड कार्यक्रम अभिनेत्री तेजुला खतिवडाले सञ्चालनमा ल्याएको माहेरु फेशन एण्ड डिजाइन प्रालिको मुख्य प्रस्तुति रहेको थियो ।

चक्रघट्टा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
चक्रघट्टा, सर्लाही
प्रदेश नं. २, नेपाल

बोलपत्र स्वीकृत गर्ने आसयको सूचना

प्रकाशित मिति २०७८/११/३०

उपरोक्त विषयमा मिति २०७८/०९/०७ गते प्रकाशित बोलपत्र सूचना अनुसार अनलाईन मार्फत दर्ता हुन आएका बोलपत्रहरु मध्ये तपसिलमा उल्लेखित भएका बोलपत्र मध्ये न्यूनतम मूल्याङ्कित सारभतु रुपमा प्रभावग्राही भई स्वीकृत भएको हुँदा सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ प्रयोजनको लागि सम्बन्धीत सबै बोलपत्र दाताहरुको जानकारीको लागि ७ दिने आशय रहेको यो सूचना प्रकाशित गरिएको व्यहोरा अनुरोध छ ।

तपशिल

| सि. न. | बोलपत्र ठेक्का नं. | कामको विवरण | छनौट भएको बोलपत्रदाताको नाम | कबोल अंक (भ्याट बाहेक) |
|---|---|---|---|---|
| १ | CRM/WORKS/ NCB/78-79/6 | Construction of RCC Framed Building at Janta Ma. Vi. Belhi, Chakraghatta-2 | Green World/Jayas Construction JV, Kathmandu-16 | 81,09,477.63 |
| २ | CRM/WORKS/ NCB/78-79/7 | Construction of RCC Framed Building at Janta Pra. Vi. Naya Bazaar, Chakraghatta-4 | Green World/Jayas Construction JV, Kathmandu-16 | 79,29,267.02 |
| ३ | CRM/WORKS/ NCB/78-79/8 | Construction of RCC Framed Building at Janta Ma. Vi. Padariya, Chakraghatta-5 | Green World/Jayas Construction JV, Kathmandu-16 | 78,39,161.71 |

नि.प्रमुख प्रशासकिय अधिकृत

Provincial Government
Province No.1
Ministry of Forest, Environment, Soil Conservation
Province Forest Directorate
Dharan, Sunsari

Invitation for Bids for the Procurement of Backpack Water Pump (Bag) set

Date of publication: 2078/11/30 (14th March 2022)

1. Province Forest Directorate invites e-bids from eligible bidders for the procurement of following items **under National Competitive Bidding (NCB) procedures.**

| Package No. | Contract Identification No | Descriptions | Quantity (Unit) | Estimated amount with VAT | Minimum Bid Security Amount (NRs.) | Cost of Bid Documents (NRs.) | Remarks |
|---|---|---|---|---|---|---|---|
| 1 | PFD/NCB/G-02 (2078/79) | Backpack Water Pump (Bag) set | 69 | 22,96,216.5 | 55,000.00 | 3000.00 | Tender |

2. Please Refer to the Complete set of bidding documents through websites: **www.bolpatra.gov.np** for detail information and For detail notice visit ministry website: **http://erfd.gov.np/**

Province forest Director

प्रदेश सरकार
आन्तरिक मामिला तथा कानून मन्त्रालय
प्रदेश नं.१, विराटनगर

बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

प्रकाशित मिति : २०७८।११।३०

यस मन्त्रालयबाट सुरक्षा निकायलाई प्रदान गर्ने स्कर्टिङ मोटरसाइकल खरिदका लागि मिति २०७८।१०।१४ गते www.bolpatra.gov.np/egp बाट E-Bidding मार्फत तपशिल बमोजिम सूचना प्रकाशन गरी बोलपत्र आव्हान गरी तोकिएको म्यादभित्र प्राप्त भएको १(एक) मात्र बोलपत्र प्राप्त भएको र उक्त बोलपत्रदाताको मूल्यांकन गर्दा बोलपत्र मूल्यांकित सारभूतरुपमा प्रभावग्राही भै स्वीकृतिका लागि छनौट गरिएको हुँदा सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ (२) बमोजिम सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

| बोलपत्र सूचना नं. | कामको विवरण | थान | बोलपत्रदाताको नाम र ठेगाना | स्वीकृत रकम मु.अ.क.सहित |
|---|---|---|---|---|
| MOIAL1/ NCB/G-3(078-79) | मोटरसाइकल २ ९० सि.सि.न्युनतम | ६ | हंसराज हुलासचन्द एण्ड कम्पनी प्रा.लि. काठमाण्डौं | ३५,९३,४००।- (पैतिस लाख त्रीयानब्बे हजार चार सय मात्र) |

# ए डिभिजनका चार क्लबले भने
# ‘एन्फाले नियम विपरीत काम गर्‍यो’



**मध्यान्ह संवाददाता**
काठमाडौं, २९ फागुन

शहीद स्मारक ए डिभिजन लिग फुटबलका असन्तुष्ट चार क्लबले फुटबल खेल र खेलाडीमा दुर्घटना हुन नदिन आग्रह गरेका छन् । आइतबार ए डिभिजनका चार क्लब संकटा क्लब, न्युरोड टिम एन आए टी, थ्री स्टार क्लब र मनाङ मर्स्याङ्दी क्लबले संयुक्त रुपमा पत्रकार सम्मेलन गर्दै खेल र खेलाडीमा दुर्घटना हुन नदिन आग्रह गरेका हुन् ।

उनीहरुले अखिल नेपाल फुटबल संघ (एन्फा)ले नियम विपरीत काम गरेको बताए । ए डिभिजन लिग चलिरहेकै अवस्थामा एनएसएलको मिति घोषणा गर्नु उपयुक्त नभएको र रोक्न भनिएको अक्सन हुनुलाई क्लबले आलोचना गरेका हुन् ।

क्लबसँग खेलाडीको सम्झौता बाँकी रहेकै अवस्थामा एनएसएलका लागि कुनै औपचारिक जानकारी बिना खेलाडी अक्सन गर्नु नियम विपरीत भएको भन्दै चारै क्लबले धारणा व्यक्त गरेका हुन् ।

खेलाडीसँगको सम्झौता बाँकी रहेको अवस्थामा क्लबहरुलाई जानकारी नदिई खेलाडी बोलकबोल गर्नु आपत्तिजनक भएको थ्री स्टार क्लबका महासचिव सञ्जीब शिल्पकारले बताएका हुन् ।

आपत्ति जनाउँदै पत्रकार सम्मेलन गरेका चार क्लबले आगामी मंगलबार बस्ने कार्यसमितिको बैठकमा छलफल गर्न माग राखेका छन् । यस्तै पत्रकार सम्मेलनमा सहभागी क्लबहरुले आफ्ना प्रतिनिधि एन्फा कार्यसमितिमा हुँदा पनि सम्बोधन गराउन नसके एन्फामा रहेको निर्वाचित प्रतिनिधिलाई फिर्ता बोलाउन सक्ने बताए ।

यस्तै संकटा क्लबका महासचिव रमेश ध्वज बस्नेतले क्लबको मागलाई सम्बोधन नगरि अगाडि बढी थप अन्य कार्यक्रमका साथ आउने बताए ।

साथै एनएसएल आयोजक नेपाल स्पोर्टस एन्ड इभेन्ट म्यानेजमेन्ट र एन्फाबीच भएको सम्झौता अनुसार आयोजकले संचालन गर्ने कार्यक्रमलाई एएफसी र फिफाबाट मान्यता प्राप्त गर्नका लागि एन्फाले पहल गर्ने विषयमा उनीहरुले गम्भिर ध्यानाकर्षण भएको बताए ।

एनएसएलमा सहभागी क्लबहरुले प्रक्रिया नपुर्‍याएर नै एएफसीको प्रतियोगितामा सहभागिता जनाउन पाउने तथा क्लब लाईसेन्सिङको प्रतिक्रियामा जान नसक्ने भन्दै सम्झौता संकास्पद रहेको आरोप लगाएका हुन् । उनीहरुले संयुक्तरुपमा विज्ञप्तिसमेत जारी गरेका छन् ।

विज्ञप्तिमा भनिएको छ, ‘नेपालको फूटबल विकासमा गौरवमय इतिहास बोकेका क्लबहरु निरन्तर सक्रिय रहिरहेको अवस्थामा क्लबहरुको अस्तित्वलाई नै समाप्त पार्ने खालको षड्यन्त्र सहित लागेको आभाष सहित ए डिभिजनका क्लबहरुले संयुक्त वक्तव्य मार्फत र अखिल नेपाल फुटबल संघलाई फिफा नियमानुसार आफूहरुसँग खेलाडीहरुको अनुबन्धन बाँकी रहेको अवस्थामा खेलाडी बोलकबोल नगर्न र कसैलाई गर्न नदिनु भन्ने आशयले अनुरोध र चेताबनी सहितको पत्र सामाजिक संजाल मार्फत र एन्फा कार्यालयमा दिई सचेत गराएका थियौं ।’

उनीहरुले एन्फाको क्यालेण्डरमा नसमेटिएको प्रतियोगिताबाट गरेको गैरकानुनी कार्यलाई एन्फाको आकस्मिक बैठकबाट रोक्नु पर्नेमा एन्फा महासचिवको हस्ताक्षरको पत्रलाई नै अटेर गर्दापनि केही कदम नचालेको आरोप लगाएका छन् ।

उनीहरुले पटक पटक एन्फा नेतृत्वबाट ठगिएका र पिल्सिएको भन्दै वर्तमान अवस्था नेपालको फुटबल र खेलाडीको हितमा नरहेको बताएका छन् । ‘धेरै वर्षसम्म उक्त सम्झौता सबैबाट लुकाएर राख्नु, एन्फा क्यालेण्डरमा रहेको राष्ट्रिय लीग गर्न नचाहनु, अहिले भईरहेको मोफसल प्रतियोगिताहरुलाई वेवास्ता गर्नु र एएफसी कपलाई समेत प्रभावित पार्ने खालका गतिविधि जस्ता धेरै कारणहरुबाट एन्फा नेतृत्वले चालेको कदम प्रति खेद प्रकट गर्दै नेपालको फूटबलको भविष्य प्रति हामी अत्यन्त चिन्तित छौं,’ विज्ञप्तिमा भनिएको छ ।

## बागमती प्रदेश खेलकुदः ललितपुरको कठिन जित

**हेटौंडा/मस–** प्रथम प्रदेश खेलकुद प्रतियोगिता अन्तर्गत पुरुष फुटबलमा ललितपुरले कठिन जित निकालेको छ। हेटौंडा स्थित क्याम्पा डाँडा रंगशाला आइतबार भएको खेलमा ललितपुरले चितवनमाथी १-० को कठिन जित निकाल्न सफल भयो ।

निकै प्रतिस्पर्धात्मक र रोमाञ्चक बनेको पहिलो हाफ गोल रहित बराबरीमा सकिएको थियो । यदपी दुवै पक्ष गोल गर्ने सुन्दर अवसरहरुबाट चुकेका थिए । दोस्रो हाफको ६८ मिनेटमा कप्तान बसन्त तामाङले गरेको गोलनै ललितपुरका लागि निर्णायक बन्यो । कप्तान तामाङले ४० मिटर टाढाबाट सुन्दर गोल गरेका थिए । नकाउट पद्धतीबाट शुरु भएको प्रतियोगिताको सोमबारकका खेलहरु रामेछाप र सिन्धुपाल्चोक र मकवानपुर र नुवाकोटबीच हुने फुटबल खेल संयोजक कल्पना शर्माले बताइन् । प्रदेश खेलकुद विकास परिषद् बागमती प्रदेशको आयोजना शुरु प्रतियोगिताको आइतबारै हेटौंडामा भएको ब्याडमिन्टन प्रतियोगितामा महिला र पुरुष तर्फ आठ/आठ टिम क्वाटरफाइनलमा प्रवेश गरेको छ । महिला तर्फ सिन्धुपाल्चोक, मकवानपुर, दोलखा, नुवाकोट, धादिङ, चितवन, भक्तपुर र ललितपुर क्वाटरफाइलनमा प्रवेश गरेको प्रतियोगिता संयोजक दिपक थापाले बताए । पुरुषतर्फ रसुवा, चितवन, सिन्धुली, काभ्रे, ललितपुर, रामेछाप, धादिङ र नुवाकोट क्वाटरफाइनलमा प्रवेश गरेको उनले जानकारी दिए । सोमबार बिहानबाट क्वाटरफाइनलका खेल हुने आयोजकले बताएको छ ।


प्रदेश सरकार
लुम्बिनी प्रदेश
भौतिक पूर्वाधार बिकास मन्त्रालय
यातायात पूर्वाधार निर्देशनालय
**सडक पूर्वाधार बिकास कार्यालय**
रुपन्देही

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

(प्रकाशित मितिः- २०७८/११/३०)

यस कार्यालय बाट मिति २०७८।१०।२६ गते प्रकाशित सुचना अनुसार मिति २०७८।११।२७ गते दिनको १२:०० वजे सम्म bolpatra.gov.np/egp मार्फत पेश हुन आएका बोलपत्रहरु मध्ये तपशिल बमोजिमका बोलपत्रहरु न्यूनतम मुल्याङ्कित सारभुत रुपमा प्रभावग्राही भई स्वीकृतको लागि छनौट भएको हुदाँ सार्वजानिक खरिद ऐन,२०६३ को दफा २७ को उपदफा २ र ३ को प्रयोजनार्थ सम्बन्धित सबै बोलपत्रदाताहरु लाई जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| सि. नं. | कार्यको विवरण | ठे.नं. | छनौट भएको बोलपत्रदाता | कबोल रकम (मु.अ.कर सहित) रु. |
|---|---|---|---|---|
| 1 | Jitnagar Path Shantinagar Belbash Road,Butwal, Rupandehi | RIDORUP/RUP/134/ NCB/078/79/120 | Deurali Construction Butwal 16 , Rupandehi, Nepal | 6,75,963.56 |
| 2 | Yogikuti-Sharda school-Shantinagar Road,Rupandehi. | RIDORUP/RUP/134/ NCB/078/79/121 | Aayam Nirman Sewa, Tilottama -11, Rupandehi, Nepal | 21,61,466.82 |
| 3 | Tilotomma-2, Janakinagar Sagarmatha tole Bhandari path Road & Drain Nirman, Rupandehi | RIDORUP/RUP/134/ NCB/078/79/122 | Deurali Construction Butwal 16 , Rupandehi, Nepal | 12,17,250.56 |
| 4 | Upgrading of Magarghat to Ranigunj Road, Butwal-17, Rupandehi | RIDORUP/RUP/134/ NCB/078/79/123 | R.A Construction, Tillotoma-7 Rupandehi Nepal | 18,19,889.29 |
| 5 | Tilottoma 3 & 4 Simanagar Tole Road, Rupandehi | RIDORUP/RUP/134/ NCB/078/79/124 | The Lumbini Nirman Sewa Tilottama 2 Rupandehi, Lumbini Province, Nepal | 9,20,823.72 |



**साउदीमा रोजगार** | १. कम्पनीः MUMAYZ COMPANY LIMITED IS A ONE PERSON COMPANY शहर : JEDDAH
पुर्व स्वीकृत मितिः २०७८/११/२९ चलानी नं.: ६०१७५८७२ L.T. No.: 259424

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factor | 25 | 0 | स. काममा दक्ष | 1000 | ३२,५९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

२. कम्पनीः Ali Ibn Masoud Ibn Abdulhadi Al-qahtani General Contracting Est शहर :Jeddah
पुर्व स्वीकृत मितिः २०७८/११/२७ चलानी नं.: ६०१७५८७६ L.T. No.: 259204

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | General Vehicle Driver | 1 | 0 | सम्बन्धित काममा दक्ष | 1800 | ५८,६६२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Truck Driver | 1 | 0 | | 1800 | ५८,६६२ | | | | | | | |

३. कम्पनीः Anifa Ayed Bin Awad Al Anzi General Contracting Est शहर : Riyadh
पुर्व स्वीकृत मितिः २०७८/११/२७ चलानी नं.: ६०१७५८७३ L.T. No.: 259207

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | FACTOR | 3 | 0 | स. काममा दक्ष | 1000 | ३२,५९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

४. कम्पनीः AL-WAHA STORES TRADING EST शहर : Jeddah
पुर्व स्वीकृत मितिः २०७८/११/२९ चलानी नं.: ६०१७५८६९ L.T. No.: 259427

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Ordinary Factor | 1 | 0 | स. काममा दक्ष | 1000 | ३२,५९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

५. कम्पनीः FLOUR AND CUP ESTABLISHMENT FOR SERVING MEALS शहर : Riyadh
पुर्व स्वीकृत मितिः २०७८/११/२७ चलानी नं.: ६०१७५८७५ L.T. No.: 259206

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Chef | 1 | 0 | सम्बन्धित काममा दक्ष | 1400 | ४५,६२६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | chief Assistant | 2 | 0 | | 1400 | ४५,६२६ | | | | | | | |
| 3. | kitchen Worker | 1 | 0 | | 1200 | ३९,१०८ | | | | | | | |

६. कम्पनीः SPEED WASH CAR WASH शहर : TABOOK
पुर्व स्वीकृत मितिः २०७८/११/२९ चलानी नं.: ६०१७५८७० L.T. No.: 259425

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | FACTOR | 4 | 0 | स. काममा दक्ष | 1000 | ३२,५९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

७. कम्पनीः Tahani Maneh Saleh Al Murhsid Tailoring शहर : Jeddah
पुर्व स्वीकृत मितिः २०७८/११/२९ चलानी नं.: ६०१७५८७१ L.T. No.: 259426

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Ordinary Factor | 2 | 0 | स. काममा दक्ष | 1000 | ३२,५९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

८. कम्पनीः YABRAQ CAR WASH शहर : Riyadh
पुर्व स्वीकृत मितिः २०७८/११/२७ चलानी नं.: ६०१७५८७४ L.T. No.: 259205

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Driver | 2 | 0 | स. काममा दक्ष | 1800 | ५८,६६२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ चैत ७ गते (21 March 2022) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | क.नं. ३ को नि:शुल्क अन्यको रु.१०,०००।- |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालको विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**अल-हरमैन एच.आर. प्रा. लि.**
श्रम इजाजत पत्र नं.: ११६०/०७३/०७४
पो.ब.नं. २१२५३, सिनामंगल-९, काठमाडौ, नेपाल, फोन: ०१-४४८४८१०
Email: alharmainhr18@gmail.com, info@alharmain.com.np, Web: www.alharmain.com.np



**Gramthan Rural Municipality**
**Office of the Rural Municipal Executive**
Tetariya, Morang
Province No. 1, Nepal

**Notice for the Letter of Intent**

First Date of Publication 2078-11-30

Pursuant to Sub Clause 27.2 and 27.3 of Public Procurement Act 2063, This is to notify all the Bidders who submitted their bids for the Contract Identification No mentioned below as per the Invitation for the Bids Published in the National daily Newspaper Madhyanha National Daily on 21st January 2022 that the following listed Lowest Evaluated Substantially Responsive Bidder has been selected to award the contract.

| Contract Id | Name of the Work | Lowest Evaluated Substantially Responsive Bidder | Bid Price NRs including VAT/PS |
|---|---|---|---|
| GramthanRural/ncb/ Works/13-078/079 | Construction of ward office Building Compound Wall | RC Construction, Sundarharaicha-12 | 2158601.11 |
| GramthanRural/ncb/ Works/14-078/079 | Construction of ward 5 office Building Compound Wall | RC Construction, Sundarharaicha-12 | 988183.58 |
| GramthanRural/ncb/ Works/15-078/079 | Ka Pa Radhakrishna Mandir Dekhi sabik 3 ra 4 jodne sadak kalopatre ward no.2-2nd | A.B Nirman Sewa, Duhabi-2 | 1125034.73 |
| GramthanRural/ncb/ Works/16-078/079 | Kapa Pidarboni dekhi paschim 1 no. wada karyalya jane sadak kalopatre (CH-0+376.75 to 0+512 ) | Global Construction Solution, Biratnagar-12 | 1432497.65 |
| GramthanRural/ncb/ Works/17-078/079 | Gopals House to Bachus House Road | A.B Nirman Sewa, Duhabi-2 | 4557985.46 |
| GramthanRural/ncb/ Works/18-078/079 | Kumar Lals House to Jhawarlal House Road Wada-5 | Sayapatri Multipurpose Company Pvt. Ltd Belbari-1 | 4892366.27 |
| GramthanRural/ncb/ Works/19-078/079 | ward no-06 ko public campus jane bato pitch (CH-0+275.5 to 0+238) | Sunsari Gadhi Construction and Company, Gadhi-6, Sunsari | 610846.05 |
| GramthanRural/ncb/ Works/20-078/079 | Kapa kalabanzar paschim khel maidan jane sadak kalopatre (CH-0+565 to 0+758 ) | Global Construction Solution, Biratnagar-12 | 1703722.83 |
| GramthanRural/ncb/ Works/21-078/079 | Bhedibathan dekhi 4 no. wada karyalya jodne sadak kalopatre (CH-0+262.50 to 0+354) | Sayapatri Multipurpose Company Pvt. Ltd Belbari-1 | 1133417.05 |
| GramthanRural/ncb/ Works/22-078/079 | Bange chowk dekhi dakshin jane bato pitch(CH-0+244 TO 0+311) | RC Construction, Sundarharaicha-12 | 688526.16 |

Chief Administrative Officer



अरोरा ह्युमन रिसोर्स प्रा.लि.का सञ्चालक **राजेन्द्र भण्डारी** मुलुकको वैदेशिक रोजगार क्षेत्र सुधारका लागि निरन्तर खट्ने व्यवसायी हुन् । स्थापनाकालदेखि नै प्रगतिशील वैदेशिक रोजगार व्यवसायी मञ्च नेपालमा सक्रिय रहँदै आएका भण्डारी नेपाल वैदेशिक रोजगार व्यवसयी संघको सचिव, मञ्चको उपाध्यक्ष, सहसंयोजक हुँदै हाल कार्यवाहक अध्यक्ष भएर काम गरिरहेका छन् । मानविकी तथा समाजशास्त्रमा स्नातकोत्तर र कानूनमा स्नातक गरेका भण्डारी अधिवक्ता समेत हुन् । उनी वैदेशिक रोजगार र संगठन भित्र नीतिगत प्रष्टता र स्थायित्व हुनुपर्ने बताउँछन् । लामो समयदेखि सहसंयोजक र कार्यवाहक अध्यक्ष भई नेकपा एमालेको जनवर्गीय संगठनको हैसियतमा रहेको प्रगतिशील वैदेशिक रोजगार व्यवसायी मञ्च नेपाललाई नेतृत्व प्रदान गरेका उनी आगामी कार्यकाल पनि मञ्चलाई नेतृत्व दिने योजनासहित पाँचौं अधिवेशनको तयारीमा जुटेका छन् । प्रस्तुत छ, मञ्चका कार्यवाहक अध्यक्ष भण्डारीसँग मध्यान्ह दैनिकका लागि **रेशमराज पौडेल**ले गरेको कुराकानीको सम्पादित अंश :

# ‘केहीले लहैलहैमा अर्को संगठन बनाए पनि मञ्च कमजोर छैन’

**राजेन्द्र भण्डारी**
कार्यवाहक अध्यक्ष, प्रगतिशील वैदेशिक रोजगार व्यवसायी मञ्च, नेपाल

**प्रगतिशील वैदेशिक रोजगार व्यवसायी मञ्च नेपालले महत्वका साथ पाँचौं अधिवेशन तथा साधारणसभाको आयोजना गरिरहेको छ । अधिवेशनका एजेन्डा के के छन् ?**

प्रगतिशील वैदेशिक रोजगार व्यवसायी मञ्च नेपाल आफ्नो स्थापनाकालदेखि नै नेपाली अर्थतन्त्रको मेरूदण्डका रूपमा रहेको र वैदेशिक रोजगार क्षेत्रलाई नीतिगत तथा व्यवहारिक दुबै दृष्टिकोणले पारदर्शिताको आधारमा अगाडि बढाउनु पर्छ भन्ने मान्यतामा क्रियाशील रहँदै आएको छ। यस पटकको पाँचौं अधिवेशनमा पनि हामीले ‘राष्ट्र निर्माणको आधार सुरक्षित वैदेशिक रोजगार’ भन्ने मूल नारा तय गरेका छौं । श्रम बजारमा वार्षिकरूपमा आउने करिब पाँच लाख युवायुवतीलाई आन्तरिकरूपमा पर्याप्त रोजगारीको अवसर सिर्जना हुन सकिरहेको छैन् । विश्व श्रम बजारमा सिर्जना भएका रोजगारीका अवसरहरू नेपाली बेरोजगार युवायुवती समक्ष ल्याउन सरकारका कतिपय अस्पष्ट नीति निर्णयको कारणले बाधा पुऱ्याइरहेको छ । मञ्चको अधिवेशनमा नयाँ नेतृत्व छनोट गर्ने कामका अतिरिक्त मुख्यरूपमा समस्यामा जेलिएको वैदेशिक रोजगारलाई नीतिगतरूपमा स्पष्ट बनाउने विषयमा गम्भीरतापूर्वक छलफल गर्ने तयारी छ । वैदेशिक रोजगार क्षेत्रमा सुधारका लागि पार्टीको माथिल्लो पंक्तिमा पनि ध्यानाकर्षण गर्नुपर्ने देखिएको कारण पार्टी महासचिवलाई प्रमुख अतिथिका रूपमा निम्त्याएका छौं ।

**वैदेशिक रोजगार क्षेत्रमा हाल रहेका मुख्य समस्या के के हुन् ?**

वैदेशिक रोजगारका क्षेत्रमा सरकारले राज्य केन्द्रित धेरै अपारदर्शी र अव्यवहारिक निर्णय लादेको छ। बिना अध्ययन फ्रि भिसा फ्रि टिकटको निर्णय लागू गरियो। तर व्यवसायीले पाउने सेवा शुल्क परिमार्जन भएन, अनावश्यकरूपमा बढाइएको इजाजतपत्रको धरौटी तथा बैंक ग्यारेन्टीले गम्भीर खालका नकारात्मक असर पारेको छ । त्यसले आम व्यवसायीको टाउकोमा आर्थिक भार थोपरेको छ। इजाजतपत्र नवीकरण गर्दा वार्षिक सय जना कामदार अनिवार्यरूपमा विदेश पठाउनुपर्ने बाध्यता छ। वैदेशिक रोजगारमा जाने श्रमिकहरुलाई रोजगार करारपत्रका आधारमा अन्तिम श्रम स्वीकृति दिइँदैन । नेपाली श्रमिकहरुका लागि आकर्षक मानिएका युरोपेली गन्तव्य मुलुकहरुको मागपत्र प्रमाणीकरमा कुटनैतिक नियोगहरूमा चरम उदासिनता छ । व्यवसायीहरुले वैदेशिक रोजगारका क्षेत्रसँग सम्बन्धित अभिमुखीकरण तालिम तथा अन्य व्यवसाय सञ्चालन गर्न नपाउने गरी अनुचित प्रतिबन्ध लगाइएको छ । त्यस्तै वैदेशिक रोजगार विभागले परीक्षणका नाममा लागू गरेको वैदेशिक रोजगार सूचना व्यवस्थापन प्रणाली (फेमिस)मा रहेका झन्झटको सुधार जस्ता अनगिन्ती समस्याभित्र वैदेशिक रोजगार जकडिएको छ। यी समस्या समाधान नगरेसम्म वैदेशिक रोजगार अघि बढ्न सक्दैन । समस्या थाती राखेर कामदारहरू पनि सुरक्षित हुँदैनन् । कसरी सुधार गर्न सकिन्छ भन्ने विषयहरुमा हामी अधिवेशनमा गम्भीर छलफल गर्ने छौं ।

> विश्व श्रम बजारमा सिर्जना भएका रोजगारीका अवसरहरू नेपाली बेरोजगार युवायुवती समक्ष ल्याउन सरकारका कतिपय अस्पष्ट नीति निर्णयको कारणले बाधा पुऱ्याइरहेको छ । मञ्चको अधिवेशनमा नयाँ नेतृत्व छनोट गर्ने कामका अतिरिक्त मुख्यरूपमा समस्यामा जेलिएको वैदेशिक रोजगारलाई नीतिगतरूपमा स्पष्ट बनाउने विषयमा गम्भीरतापूर्वक छलफल गर्ने तयारी छ ।

**वैदेशिक रोजगारमा हाल समस्या खडा गरिरहेका केही समस्या तपाईंहरूले समर्थन गर्ने तत्कालीन नेकपा नेताहरू मन्त्री हुँदा सिर्जना भएका समस्या छन् । ती समस्यालाई कसरी हेर्नु भएको छ त ?**

नेकपा एमालेमा आवद्व नेताहरू मन्त्री हुँदा भएका निर्णयले समस्या सिर्जना भएको भएपनि त्यो समग्र राज्य संयन्त्रको वैदेशिक रोजगार क्षेत्रलाई हेर्ने दृष्टिकोणले उत्पादनमा गरेको परिवेश हो । त्यसमा मन्त्रीलाई व्यक्तिगत जिम्मेवार ठहऱ्याउनु भन्दा पनि राज्य संरचना र राज्य संयन्त्रमा कायम रहेको अपरिपक्व र पूर्वाग्रहका कारणले व्यवसाय विरोधी नीति बन्दछन् भनेर बुझ्नुपर्छ। व्यवसाय विरोधी सबै निर्णयमा पक्ष-विपक्ष नभनी छलफल चलाउने छौं ।

**नेकपा एमालेमा आएको विभाजनसँगै मञ्च पनि विभाजित भयो । अधिवेशनमा संगठनलाई मजबुत देखाउने बाध्यता पनि छ, होइन ?**

नेकपामा आएको विभाजनसँगै मञ्चमा पनि विभाजन देखापरेको छ। मञ्चमा लामो समय क्रियाशील केही व्यवसायी लहलहैमा नयाँ संगठन बनाउन लाग्नु भयो । तर मञ्चमा विभाजनको कुनै असर देखिएको छैन । हाल ८ सय ६० वैदेशिक रोजगार व्यवसायी संस्था रहेकोमा हाम्रो अधिवेशनमा ३ सय व्यवसायी सहभागी हुने निश्चित बनेको छ । यसले वैदेशिक रोजगार क्षेत्रमा मञ्चले शसक्तता ‘स्ट्रेन्थ’ यथावत् कायम गरिरहेको देखाएको छ। पार्टीमा विभाजन भएपनि मञ्च व्यावसायिक संस्था भएकोले अर्को संगठन आवश्यक छैन भन्ने धेरैको मत रहेको छ । शुरूमा केही अलमल भएर यताउता लागेपनि यस पटकको अधिवेशनमा धेरै व्यवसायी साथीहरू सहभागी हुनुहुनेछ ।

**नेपाल वैदेशिक रोजगार व्यवसायी संघमा समयमा साधारणसभा र निर्वाचन हुन नसकेपछि जिल्ला प्रशासन कार्यालय काठमाडौंले हस्तक्षेप नै गऱ्यो । संघका संयोजकले तदर्थ समिति गठन गर्नु भएको छ, यसलाई कसरी लिइरहनु भएको छ ?**

संघ सधैं विधिसम्मतरूपमा चल्नुपर्छ, चलाउनु पर्छ भन्ने मञ्चको लामो समयदेखिको अडान हो। संघका निर्वाचित अध्यक्ष विष्णु गैरेको कोरोनाका कारणले असामयिक निधन भएपछि संघ कार्यसमितिले त्यसको २१ दिनभित्रै साधारणसभा डाकेर अध्यक्षको निर्वाचन गराउनु पर्ने संघको विधानको व्यवस्था हो । मञ्चले विधानमा भएको व्यवस्था कार्यान्वयनका लागि निरन्तर आवाज उठाउँदै आएको थियो । जिल्ला प्रशासनको कदमले मञ्चले उठाएको मान्यतालाई पुष्टि गरिदिएको छ । जहाँसम्म संयोजकले तदर्थ समिति विस्तार गरेको विषय छ - त्यो उहाँको अधिकारको विषय हो । तर उहाँले विधान संशोधन गराएर मात्रै नयाँ कार्यसमितिको निर्वाचन गराउने भनेर सार्वजनिक भएको विषयमा मञ्चको गम्भीर ध्यानाकर्षण भएको छ । संयोजकले संघको मौजुदा विधानको व्यवस्था अनुसार सकेसम्म छिटो साधारणसभा र निर्वाचन गराउनु पर्छ ।

**चुनाव गराउँदा संगठन कमजोर हुन्छ भन्दै तपाईंको अध्यक्षतामा रहेको वर्तमान कार्यसमितिलाई नै मञ्चमा दोहोऱ्याउने चर्चा छ नि । प्रतिस्पर्धादेखि किन डराउनु भएको ?**

हामी पूर्ण प्रजातान्त्रिक प्रणालीबाट नेतृत्व छनोट गर्नेछौं । सहमति पनि प्रजातान्त्रिक प्रणाली भित्रकै विषय हो । सहमतिमा जाँदा कसैले टाउको दुखाउनु पर्दैन । मञ्चको अधिवेशनले सर्वसम्मतिमा ३५ सदस्यीय कार्यसमितिको निर्वाचन गर्नेछ । व्यवसायी साथीहरूको शुभकामना, साथ र सहयोग पाएमा म सफलताका साथ एक कार्यकाल मञ्चलाई कुशलतापूर्वक अगाडि बढाउन सक्ने योजनासहित आएको छु। कार्यवाहक अध्यक्षको हैसियतमा काम गर्दा मैले बनाएका कतिपय योजना कार्यान्वयनमा ल्याउन सकिएन। अधिवेशनमा म भन्दा प्रखर र नयाँ योजनासहित मञ्चको कोही साथी नेतृत्वको आकांक्षा राखेर प्रस्तुत हुन नपाउने भन्ने हुँदैन् । नेतृत्व गतिशीलता र श्रेष्ठताका आधारमा निर्माण हुनुपर्ने विषयमा म प्रष्ट रहेको छु।

# हलाल खाना पनि पाइने रेष्टुरेण्ट ‘भिल्ला ७२’

**मुकुन्द लामिछाने/मध्यान्ह**
काठमाडौं, २९ फागुन ।

बिहानदेखि बेलुकासम्मको हतारो, दौड़ादौड र धपेडी सहरिया ब्यस्तताको जीवनशैली नै भै सकेको छ। सायद त्यतिखेरको त्यो शारिरीक थकानले सोच्दो हो - बरु गाउँतिर शान्त चौतारीमा एकैछिन थकान बिसाउन पाए कति आनन्द लाग्ने थियो। काठमाडौं शहरको कोलाहलमा त्यो कहाँ सम्भव होला भन्ने कुरा तपाई जो कोहिलाई लाग्न सक्छ। तर होइन, लैनचौरबाट उत्तर ढोकातर्फ जाँदै गर्दा केही घर पर बायाँतर्फ पुग्नोस, त्यहाँ भेटिन्छ बन्द विशाल ढोका । यसको छेउमै खुला रहेको सानो ढोकाबाट छिर्दाछिर्दै सल्लाको रुख, निगालो, सत्तल र परम्परागत शैलीको घर देख्न सकिन्छ, त्यहि हो - भिल्ला ७२, जसमा ६० देखि ७० जनासम्मले एकै चोटी खानाको आनन्द लिन सक्छन् ।

भिल्ला ७२ पारिवारिक वातावरणमा फाइन डाइनिङ सुविधाका साथ खुलेको रेष्टुरेण्ट हो । यो काठमाडौंका अधिकांश रेष्टुरेण्टभन्दा फरक र विशेषतायुक्त छ। यसका संचालक हुन् - युवा र मेहनती व्यवसायी भीम रोकामगर।

सर्वप्रथम : मूल द्वारबाट रेष्टुरेण्ट प्रवेश गरेसँगै वरपर रहेका सल्ला, निगालो, बगैँचाको बीचमा रहेको भिल्ला, छेउमा रहेको सत्तल र बारले तपाईको आधा थकान त्यत्तिकै मेटिन्छ। कैंयन वर्ष पुराना काठको थाम, भवनमा राखिएको परम्परागत टुँडाल, बार्दलीको रेलिङ, सेतो रङको भवन अनि शान्त वातावरणमा प्रवेशले तपाईलाई शहरिया कोलाहलबाट धेरै टाढा पुर्याएको अनुभूति हुन पुग्छ । शहरभित्र यति शान्त वातावरण दिन सक्नु नै भिल्ला ७२ रेष्टुरेण्टको पहिलो विशेषता हो । दोश्रो विशेषता यसको गुणस्तरीयता । फाइन डाइनिङ रेष्टुरेण्ट भएपनि भिल्ला ७२ ले फाइभ स्टार स्तरकै स्वाद र सेवा दिइरहेको छ।

सहरको मुख्य केन्द्र राजदरबारको उत्तरी भाग र व्यस्त



सडक। अनि छेउमै रहेको ‘भिल्ला ७२’ छोटो समय मै धेरैको फुर्सदको समय बिताउने ठाउँ बनिसकेको छ । संचालनमा आएको करिब तीन वर्षजति मात्र भए पनि रेष्टुरेण्टको आन्तरिक बनावटसँगै आतिथ्यता र परिकारबारे एकअर्काबाट सुनेरै आउने ग्राहकहरु बढिरहेका छन् । परम्परागत शैलीको झल्को दिन रेष्टुरेण्टले कुसनको सट्टा परालको चकटी प्रयोग मात्र हैन रेष्टुरेण्टको अधिकांश संरचनामा पनि काठकै प्रयोग भएको छ।

रेष्टुरेन्टमा विभिन्न उमेर, संस्कृति, परम्परासँग जोडिएका ग्राहकहरुलाई हेरेर मेनु तयार पारिएको भिल्लाका अपरेसन म्यानेजर रवीन्द्रकुमार बस्नेत बताउँछन् । स्पेशल मेनु मात्र राख्दा सबै ग्राहकलाई समेट्न नसकिने भएकाले हाँसको छोइला, सुकुटी साँधेको, थाली सेट लगायत नेपाली परिकारसँगै इण्डियन फ्युजन राखिएको अपरेसन म्यानेजर बस्नेतले जानकारी दिए । एउटै परिवारमा पनि दाल, भात, तरकारी, रोटी, पिज्जा, मःमः खाने फ़रक स्वादका सदस्य हुने अवस्थालाई मध्यनजर गरी रेष्टुरेण्टले सबै पुस्तालाई मिल्ने गरी नेपालीसँगै इटालियन, चाइनिज, मोरक्कन, इण्डियन लगायत परिकार समावेश गरेको छ।

रेष्टुरेण्टमा प्रयोग हुने प्रायः खाद्यपदार्थ भक्तपुरबाट र ओरिगानो, थाइम्स, लेटस पत्ताजस्ता समाग्रीहरु भने विदेशबाट ल्याउने गरिएको छ।

रेष्टुरेण्टले नेपाली रैथाने परिकार र मल्टी कुजिन दुवैलाई समावेश गरी हरेक पुस्ताले रुचाउने मेनु तयार पारेको छ । पछिल्लो समय यो व्यवसायको परिपूरक बन्दै आएको लाइभ म्युजिकलाई भिल्लाले साताको एक दिन संचालन गर्ने गर्छ। युवा मात्र नभई परिवारसहित आउनेहरुलाई पनि हुने गरी ‘सफ्ट लाइभ म्युजिक’ सुनाउने गरेको बस्नेतले जानकारी दिए।

कुनै पनि रेष्टुरेण्ट छिर्दा ग्राहकले पहिलो इम्प्रेसन कस्तो हुन्छ, त्यही अनुसार धारणा बनाउँछ। त्यसैले यहाँ स्माइल ग्रिटिङसहितको ‘वार्म वेलकम’लाई प्राथमिकता दिइएको छ । टेबल एटेण्ड अन्तर्गत गेष्ट आउनासाथ रेष्टुरेण्टका तर्फबाट प्रस्तुत हुने स्वागत सत्कार शैलीलाई विशेष ध्यान दिइएको पाइन्छ। जसका लागि रेष्टुरेण्टले २० जना कर्मचारी राखेको छ।

रेष्टुरेण्टको अर्को विशेषता भ्यालेट कार पार्किङ्ग र टेस्ला गाडीको चार्जिङ्ग सुविधा पनि हो । यहाँ करिव १८ वटा कार पार्किङ क्षमता छ भने टेस्ला गाडीको चार्जिंग सुविधा छ। रेष्टुरेन्टमा खानाको गुणस्तर र एउटै किसिमको स्वादलाई मेन्टेन गरिएको अपरेसन म्यानेजर बस्नेत बताउँछन् । अचेल कतिपय रेष्टुरेन्टका मेनुमा समानता पाइन्छ। उस्तै किसिमका परिकारहरु हुन्छन् । तर खानेकुरा तयार हुनु अघिदेखिको प्रोसेस र प्लेटमा हुने प्रेजेन्टेसनसम्म ग्राहकले ख्याल गरिरहेका हुन्छन् । पहिले मानिसहरु रेष्टुरेण्टमा खान मात्र जाने गर्थे। तर आजकल रेष्टुरेन्ट कल्चर पार्ट अफ लाइफ नै बनिसकेको छ। उही शैली र उस्तै स्वाद पाइन्छ भन्दै एक पटक आएका ग्राहक पटक-पटक आइरहेको बस्नेतले जानकारी दिए । उनले भने, ‘गेस्टको बडी ल्याङ्ग्वेज अनुसार सेवामा केन्द्रित छौं।’

कुनै पनि रेष्टुरेण्टले सस्तोमा धेरै खाना दिँदैमा ग्राहकहरु सन्तुष्ट हुन्छन् भन्ने सोचिनु गलत हो । उनीहरु त स्वास्थ्यवर्धक र उचित परिमाणको खाना राम्रो वातावरणमा खान पाउँदा सन्तुष्ट हुन्छन् । यो कुरालाई भिल्ला ७२ ले आफ्नो अचुक मन्त्र मान्ने गरेको रेष्टुरेण्ट संचालक रोकाले बताए । आलाकार्ट मेनु राखिएको यस रेष्टुरेण्टमा एक पटक आएका ग्राहकले दोस्रो पटक मेनु पल्टाउने झण्झट गर्दैनन् । अपरेशन मेनेजर बस्नेत भन्छन्, ‘जो एकपटक आउनुहुन्छ दोस्रोपटक आउँदा मेनु नहेरी अर्डर गर्नुहुन्छ । भिल्लामा गएर आज यो खान्छु भन्ने मनस्थिति पहिल्यै बनाएर आउनुहुन्छ । यो हाम्रो सबैभन्दा बलियो पक्ष हो।’

भिल्लाको मुख्य प्रवेशद्वार (ठूलो ढोका) बन्द रहे पनि टाँगिएको ‘ओपन’ संकेतले भित्र पस्न खोज्ने जो कोही एक पटक छक्क पर्छन् । छेउको सानो ढोकाबाट भित्र पस्दा मात्र चहलपहल देखिन्छ र रेष्टुरेन्ट खुलै रहेको आभास हुन्छ। रेष्टुरेण्टको वातावरण शान्त होस् भनेरै दुई पांग्रे सवारीसाधनको पार्किङ्ग बाहिर छुट्टै राखिएको छ । रेष्टुरेण्टको अर्को विशेषता हलाल खाना पनि हो । खासगरी मुस्लिम धर्म संस्कृति अनुसार मुस्लिम धर्मावलम्वीहरुले हलाल खाना खाने गर्छन् । स्वदेशी तथा विदेशी मुस्लिम साथिहरु होस् या पाहुना या मुस्लिम परिवारको लागि गतिलो र स्तरीय रेष्टुरेण्टको अभाव पनि पुरा गरि दिएको छ भिल्ला ७२ ले । अब त एकपटक स्वाद लिइसकेका ग्राहकहरुलाई त भन्नै परेन, एकपटक पनि नपुग्नु भएका तपाईंहरुलाई जाउँ जाउँ लागेन त - भिल्ला ७२ ?

प्रकाशक: **सीतादेवी श्रेष्ठ**, कार्यालय: बागबजार, काठमाडौं, फोन: ०१–४२२६३६६, ०१–४२२८२९८, ई-मेल: madhyanhadaily59@gmail.com, ad.madhyanha@gmail.com (विज्ञापन), **मुद्रक:** एक्सप्रेस कलर प्रेस, सम्पादक: **मदनकुमार श्रेष्ठ**